साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepalltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरूको साझा पत्रिका

वर्ष ४३ अंक ५ २०८१ भदौ ४ गते मंगलबार (Aug. 20, 2024) मूल्य रू. १०/-

## एमसीसी सफल पार्ने चिन्ता



व्यवस्थापन तथा श्रोतसम्बन्धी अमेरिकी उप-विदेशमन्त्री रिचार्ड वर्माले नेताहरू, शासक, प्रशासकसँग भेटेर युएसएआइडी नेपालका कार्यक्रम कार्यान्वयन साझेदारहरू, चिया विज्ञहरू र नेपाली व्यवसायीहरूसँग भेट गरेर नेपालीका लागि उज्जवल, दिगो र समावेशी भविष्य निर्माण गर्ने योजनाका लागि अमेरिकी सहयोग र अमेरिका-नेपाल साझेदारीबारे कुराकानी गरेका छन् । यथार्थमा एमसीसीको सफल कार्यान्वयन चाहेका बताएका छन् ।

# अजयशक्ति पुस्ता बाहिरिदै

*युवाहरू रोजगारीदेखि शिक्षा आर्जन गर्नका लागि विदेश जाने क्रम झन झन बढेर गएको छ । प्लस टु पास भएका कुनै पनि विद्यार्थी भन्छन्- विदेश जाने हो । प्लस टुभन्दा कम पढेकाहरू जो कुनै विद्यार्थीलाई सोधे पनि सुन्न सकिन्छ- प्लस टु गरेर विदेश जाने हो । नेपालमा भविष्य छैन ।*

*जो पढेलेखेका छैनन्, पढेर पनि गाउँ, सहर, पहाड, हिमाल, तराईमा छन्, तिनीहरू जो पनि भन्छन्- काम पाइएन, वैदेशिक रोजगारीमा जाने हो । कन्सल्टेन्सीहरू गुल्जार छन् । विद्यार्थी हुन् कि वैदेशिक रोजगारीका लागि होस् सबै कन्सल्टेन्सी धाइरहेका छन्, रोजगारी खोज्नेलाई भिसा झर्ने प्रतिक्षा, विद्यार्थीका लागि दूतावासले स्टुडेन्ट भिसा दिन्छ कि दिदैन भन्ने त्रास ।*

*जसले भिसा पाउँछन्, उनीहरू उत्साहित हुन्छन् । जसले भिसा पाउँदैनन्, उनीहरू निराश हुन्छन् र फेरि अर्को देशका लागि भिसाको प्रोसेस सुरू गराउन कन्सल्टेन्सी धाउँछन् । काठमाडौंमात्र होइन, देशका ठूला ठूला सहर जताततै कन्सन्टेन्सीहरूको बजार गुल्जार छ, बेरोजगार र विद्यार्थीहरूबाट ब्यापक आम्दानी भइरहेको छ । युवाहरू विदेश जाने प्रतिस्पर्धाका कारणले लोकतन्त्रका नाममा लूटतन्त्र मच्चाउनेहरू खुशी छन् । जो बिद्रोह गर्ने प्रयत्न गर्छन्, तिनीहरूलाई राज्यले प्रहरी दमन गराएर समन गर्ने रहेछन् । खबरदार गर्ने युवाविहीन देश कसरी लथालिङ्ग र भताभुङ हुनेरहेछ, कसरी सुशासन ध्वस्त हुनेरहेछ, लोकतन्त्रका नीति र विधि कसैले नमान्ने रहेछन्, राजनीति अपराधिकरण हुनेरहेछ भन्ने प्रमाण वर्तमान नेपालको कालखण्ड बनेको छ ।*




काठमाडौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हेर्नुपर्छ, हरेक दिन युवाहरू अध्ययन र रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । जो पलायन हुन्छन्, त्यसमा केही प्रतिशत फर्कलान्, अरू उतै बस्छन् । हदाचित उतातिर बस्न नसक्ने अवस्था अयाो भनेमात्र उनीहरू स्वदेश फर्कन्छन् ।

शिक्षा मन्त्रालयका अनुसार एनओसी लिनेहरू र राष्ट्र बैंकका अनुसार विदेशी मुद्रा सटही गर्नेहरू हरेक वर्ष बढेका छन् । यो स्थितिले बताउँछ कि युवाहरू स्वदेशमा बस्न चाहँदैनन् । युवा बर्गलाई घरमा बस्न नसक्ने, देशमा केही गर्न उत्साह नजाग्ने कारण के हो ? यस बारेमा संसदमा, जनप्रतिनिधि अथवा नागरिक समाजमा कहिले पनि बहस हुनसकेन, कसैलाई यसतिर चिन्ता र चासो पनि रहेन । अझ सरकार त थप मुलुकहरूमा रोजगारी खोज्नतिर लागेको छ । जसरी पनि युवा निकासी गरेर रेमिटान्सबाट देश चलायमान पार्ने सरकारी नीति आश्चर्यजनक लाग्छ ।

विश्वमा कुनै पनि मुलुक रेमिटान्सले शान्ति र समृद्धितिर गएको इतिहास छैन । कुनै दिन दक्षिण कोरियाका मान्छे रछ्यानमा फालेको भातका सिता टिपेर खान्थे, बढीभन्दा बढी युवा निकासी हुन्थे, वैदेशिक रोजगारीमा जान्थे । यसरी हुँदैन भन्ने बुझेपछि दक्षिण कोरियाले सकेसम्म वैदेशिक रोजगारीमा जान नचाहने वातावरण सिर्जना गरिदियो, जो विदेश गएका थिए तिनीहरूलाई स्वदेश फर्कन उत्साहजनक स्थिति बनाइदियो । आज त्यो दक्षिण कोरियामा लाखभन्दा बढी नेपाली युवा रोजगारी गरिरहेका छन् । सम्पन्न दक्षिण कोरिया आर्थिक रूपमा विश्वशक्तिकै हाराहारीमा गनिन्छ । यो सत्य नेपालका नीतिकारले बुझ्ने कहिले ? आत्मनिर्भर अर्थतन्त्रतिर लाग्ने कहिले ? परजीवी भएर नेपाल कतिदिन बाँच्न सक्छ ? उसै पनि भूराजनीतिको चपेटमा नेपाल परिसकेको छ । स्थिर सरकार छैन, अराजकता बढेको छ, विश्वशक्तिको प्रतिस्पर्धात्मक कूटनीतिलाई बुझेर राष्ट्रको हितमा चल्ने ल्याकत र विश्वास नेपालले गुमाउँदै गएको स्थिति भययुक्त बन्दै छ । सकस बढेको छ ।

एकतथ्य र तथ्याङ्कअनुसार वर्षमै सवालाख विद्यार्थी उच्च शिक्षा आर्जन गर्न विदेशीएका छन् । यिनले पढ्नकै लागि सर्वा खर्बको विदेशी मुद्रा सटही गरेका छन् । प्लस टुको नतिजा प्रकाशन हुनासाथ नो अब्जेक्शन लिने भीड देखिन्छ । शिक्षा मन्त्रालयले दिएको तथ्याङ्क भन्छ- २०८० साउन १ देखि २०८१ असर ३१ सम्म कुल ६६ देशका लागि १ लाख १२ हजार ५९३ जनाले एनओसी पाएका हुन्, जसमध्ये प्रायजसो जापान, अमेरिका, यूके, कोरिया, अस्ट्रेलिया, क्यानडाका लागि अनुमति लिएकाहरू छन् । अधिकांश मुलुकमा उच्चशिक्षा अध्ययन गर्न गएका छन् ।

खासगरी अमेरिका, बेलायत, जापान, अष्ट्रेलिया, रिपब्लिक अफ कोरिया, डेनमार्क, फिनल्यान्ड, फ्रान्स, भारत, बंगलादेश, पाकिस्तान, चीन, बहराइन, जर्मनी, हंगेरी, आयरलेण्ड, ग्रीस, मलेसिया, माल्टा, फिलिपिन्स, कतार, स्वीडेन, पोल्याण्ड, स्पेन, थाइलेण्ड, न्युजिल्यान्ड, यूएईमा समेत नेपालीहरू शिक्षा आर्जन गर्न गएका छन् । स्वास्थ्य, सूचना प्रविधि, विज्ञान र प्रविधि, आइटी, वातावरणदेखि अनेक विषयमा युवा गएका छन् । शिक्षाका लागि जानु राम्रो हो, तर देशको स्थिति सुधार्न युवाको खाँचो खट्किएको छ ।

## जनताले लखेटेपछि पछुताउँदै



दक्षिण एसियाका ३ घटना । अफगानिस्तानका राष्ट्रपति असरफ घानी र श्रीलंकाका राष्ट्रपपत राजापाक्ष पछि बंगलादेशकी प्रधानमन्त्री शेख हसिना चुनाव जितेर सत्तामा भए पनि देश छोडेर भाग्नुपर्‍यो । अहंकारले मदमत्त शासकलाई निशस्त्र जनताले सडकबाटै खोस्न सक्छन् भन्ने उदाहरण हुन् यी । देश र जनताभन्दा भ्रष्टाचार र कुशासन अँगालेपछि देश छाडेर भाग्नुपर्छ, ज्यान जोगाएर लुक्नुपर्छ, मुटु कमाएर पछुताउनु पर्छ भन्ने यी दृष्टान्त नेपाली नेताले बुझ्न जरूरी छ ।

## नेपाली कागजलाई संरक्षण खोई



नेपाली हाते कागजको विश्वभरि माग छ । नेपाली अदालत, मालपोतमा नेपाली कागजकै प्रयोग हुनेगर्छ । कुनै कुनै देशले बैंक नोट नै नेपाली कागजमा छाप्छन्, नेपाल आउने पर्यटकले नोटबुक, खाम, फोटो फ्रेम, ल्याम्प, सजाउने सामान आकर्षित भएर खरिद गर्छन्, आफ्नो देश लैजान्छन् । पूर्वी पहाडी इलाकामा नेपाली हाते कागज सुकाएको दृश्य हो यो । ग्रामिण भेगमा स्वरोजगार मूलक यो हाते कागज उद्योग संरक्षण र संवर्द्धनका लागि कुनै नीति छैन ।

## जनताको बिपदमा नेता गएनन्



पोखरी फुटेर सोलुखुम्बुको थामेको बाढीमा फसेकाको उद्धार गर्न नेपाली सेना नै जानुपर्‍यो, कुनै नेता गएनन् । सेनाले ज्यानको बाजी लगाएर डोरी र काठको मद्दतले बिपदमा फसेकालाई सुरक्षित ठाउँतिर लगे । जनताको सहारा सेना भयो ।

## नेपालको कूटनीतिक हैसियत खस्क्यो




## मानवाधिकारवादीको आवाज : दण्ड घटाउन सकिन्छ, हटाउन पाइन्न




संक्रमणकालिन न्याय दिने विधेयकमा सहमति भयो, संसदबाट पारित भएर राष्ट्रिय सभामा गएको विषयलाई लिएर माओवादी समेत निकै हौसिएको छ । हौसिनुको कारण अमेरिका लगायतका मुलुकले समेत खुशी व्यक्त गरेको देखेर पनि हुनसक्छ । तथापि राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवाधिकारवादीहरूले फेरि पनि दोहोर्‍याएर भनेका छन्- पीडकलाई दिने दण्ड घटाउन सकिएला तर दण्डबाट मुक्ति दिन पाइन्न । जघन्य फौजदारी अपराध नियतवश गरिएको थियो कि भवितव्य भन्ने कुराको निर्क्यौल पीडित, देखिजान्ने प्रत्यक्षदर्शीले गर्ने हुन्, यो कुराको हेक्का रहोस् । पीडकमाथि के कस्तो दण्ड तोकियो अथवा के कति छुट दिइयो, यसको अभिलेख पीडकको परिचयपत्रमा लेखिनुपर्छ । पीडित पक्ष अहिले पनि भनिरहेका छन्- संक्रमणकालिन न्याय दिने नाममा पीडकमैत्री कानुन बनाइँदैछ, मान्य हुनेछैन ।

# नेपाल–भारतवीच प्रतिवद्धता

भारतीय भाषा विभाग र नेपाल प्रज्ञा-प्रतिष्ठानबीच प्रतिबद्धता-पत्र हस्ताक्षरित भएर एकदोस्रालाई हस्तान्तरण समेतको कार्यक्रम सम्पन्न भएको छ ।

वाराणसी, १४ अगस्त २०२४

पशुपति वैदिक आश्रम गुरूकूल विद्यालय, नवलपुर, नेपाल र नेपाली जनकल्याण समिति, हाउड़ाका प्रमुख सल्लाहकार पं.धर्मराज बरालको नायकत्वमा नेपाल प्रज्ञा-प्रतिष्ठान सम्बद्ध सदस्यटोलीको काशी आगमन अवसरमा काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा विभागमा प्राज्ञिक भेटघाट र नेपाली साहित्यदर्शनविषयक विमर्श कार्यक्रम आयोजित भयो । विभागाध्यक्ष प्रो० दिवाकर प्रधानको सभापतित्वमा भएको उक्त कार्यक्रम : शोधार्थी अभिषेक कोइरालाको मङ्गलाचरणसहित दीप प्रज्वलन र मालवीय मूर्तिमा माल्यार्पण गरी आरम्भ भयो । दोस्रो वर्ष स्नातकोत्तरका विद्यार्थीहरूको कुलगीत गायनपछि भारतीय भाषा विभागका नेपाल पीठका अतिथि अध्यापक डा० मुकुन्द शर्माले स्वागत भाषण राखे । नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा० धनप्रसाद सुवेदीले परिचयात्मक टिप्पणी राखेपछि सभासद्हरूले परिचर्चामा भाग लिए । शोधार्थी अभिषेक कोइराला, छात्रा मनु कामी र सुष्मिता शर्माका साथै अन्य विद्यार्थी र शोधार्थीहरूले प्राज्ञिक विनिमयबारे जिज्ञासा राखी विमर्श कार्यक्रमलाई रोचक बनाए । सदस्य सचिव डा० धनप्रसाद सुवेदी र प्राज्ञ-परिषद् सदस्य डा० कृष्णराज अधिकारीले साहित्यदर्शन विषयक प्राज्ञिक विनिमयका माध्यमहरूबारे जिज्ञासा शमन गर्दै प्रतिष्ठानको प्राज्ञिक माध्यमहरूमा काशीका शोधार्थीहरूले सहभागिता दर्शाउनुपर्ने आवश्यकता बोध गराए ।

डा. जगदीशनले प्रज्ञा-प्रतिष्ठानले नेपालका भाषाहरू विकसित भारतीय भाषाहरूमा पनि अनुवाद विनिमय हुनुपर्ने सुझाउ राखेपछि सदस्य सचिवले यस प्राज्ञिक प्रस्तावलाई समर्थन जनाउँदै योजनाबद्ध कार्यक्रमलाई विचाराधीन राखिने





बचन दिए । मराठीका प्रो० Pramod Bhagwan Padwal र तेलुगुका प्रो० वेङ्कटसरूलुले पनि प्रज्ञा-प्रतिष्ठानका प्राज्ञिक कार्यको प्रतिष्ठा गर्दै अनुवादको महत्त्वबारे प्रकाश पारे। सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका प्रो हरिप्रसाद अधिकारीले काशी र नेपालको प्राज्ञिक परम्परामाथि प्रकाश पारेपछि सूत्रधार पं० धर्मराज बरालले नेपालका नागरिकहरू नुहाउँदा पनि 'हरहर काशी हरहर गङ्गे' भन्ने गरेको यथार्थ बोध गराए । पं० बरालले वाराणसीमा मण्डुवाडिह रेलवे स्टेशनलाई उर्दू नाम बनारस राखिने हुँदा विसर्ग थपी संस्कृतकरण गरी बनारसः बनाउनमा काशी विद्वन्मण्डलीका परामर्शदाता प्रो० हरिप्रसाद अधिकारीको भूमिकालाई सराहना गरे । सो अवसरमा केही ग्रन्थहरू प्रज्ञा-प्रतिष्ठान पुस्तकालयलाई उपहार दिए । विशेष कार्यक्रममा प्राज्ञिक प्रतिबद्धता अनुमोदित भयो । नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा० घनप्रसाद सुवेदी र भारतीय भाषा विभागको पक्षमा विभागाध्यक्ष प्रो० दिवाकर प्रधानले प्रतिबद्धता-पत्रमा हस्ताक्षर गरी एकअर्कामा हस्तान्तरण गरे ।

# सीमा क्षेत्रमा झण्डोत्सव

जनकपुर । सीमा क्षेत्रमा झण्डोत्सव गरेर भारतको स्वतन्त्रता दिवस मनाइएको छ । भारतको ७८औं स्वतन्त्रता दिवस पारेर जटही सीमा पोस्टमा झण्डा फहराइएको थियो । यस प्रकारको कार्यक्रममा नेपाली पनि सहभागी रहेका थिए ।




सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालय, अस्पताल, प्रहरी चौकी, हाईस्कुल, बैंक, हुलाक कार्यालय, इन्स्पेक्टरको कार्यालयलगायत सरकारी तथा गैरसरकारी कार्यालयमा झण्डा फहराई स्वतन्त्रता दिवस मनाइएको हो ।

सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालयका प्रमुख सुनिल दत्तको अध्यक्षतामा भएको झण्डोत्सव कार्यक्रममा नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष तथा राष्ट्रिय मुक्ति क्रान्ति अभियानका नेता डा.राजीव झा र बाहिनीका प्रमुख इन्सपेक्टर दत्तले संयुक्तरूपमा सीमामा भारतको झण्डा फहराएका थिए ।

कार्यक्रममा नेपालको तर्फबाट नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष डा.झा, नेपाल प्रहरीका वरिष्ठ सई सुरेन्द्र खेरवार, सशस्त्र प्रहरी सई शिव खवास र भारतको तर्फबाट सीमा सुरक्षा बलको ४८ वि बाहिनी प्रमुख इ. सुनिल दत्त, जयनगरका इ. अंकुर मिश्र, एलसीएसबाट सञ्जय कुमार उपस्थित थिए ।

नेपाल र भारतबीच पौराणिक सम्बन्धका साथै छिमेकी देश रहेकै कारण नेपालबाट पनि भारतलाई शुभकामना दिनेको ओइरो नै लागेको हुन्छ । यसै अवसरमा भारतको तर्फबाट नेपालस्थित गैरनाफामूलक विभिन्न संघ संस्थालाई एम्बुलेन्स, स्कुल बस प्रदान गर्दै आएको छ । नेपाली पक्षले बधाई दिएको थियो ।

# बिथोलिएको शान्ति प्रक्रिया र तीन दलको षडयन्त्र



डा. केशव देवकोटा

नेपालमा एकातिर आम सर्बसाधारण जनताको चाहना शान्ति, मैत्री र प्रगतिमा रहेको छभने अर्कातिर नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएको विदेशी शक्ति र नेपालको संसदका प्रमुख तीन दल त्यसको बिपरित गएको देखिएको छ । यसरी नेपालको शान्ति प्रक्रियालाई बिथोल्न र खास पीडितहरुहरुलाई उल्टै जेलमा पुऱ्याउन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रमुख भूमिका निर्वाह गरेको देखिएको छ । उहाँले सरकारबाट जाँदाजाँदै गत असारमा समिति बनाएर उपरोक्त कुराको थालनी गराउनु भएको थियो । हाल संसदमै रहेका राष्ट्रिय जनमोर्चा र नेपाल मजदूर किसान पार्टी लगायतका बाम पार्टीहरुलेसमेत बिरोध गरिरहेका छन्भने माओवादी केन्द्रबाट बिरोध हुननदिन सो पार्टीभित्र अध्यक्षबाटै बिभिन्न बिवादहरुको सिर्जना गराउने प्रयास भैरहेको छ । हाल उक्त प्रशंगकाबारेमा नेपालको राष्ट्रिय राजनीतिमा ठूलै बहस भैरहेको छ । यस आलेखमा कुनै एकजना ब्यक्तिको नभएर घटनाक्रमको मात्र संश्लेषणगर्ने प्रयास गरिएको हो । आजको अवस्थामा विश्वमै माओवादी राजनीति र आन्दोलनकाबारेमा ठूला ठूला बहसहरु भैरहेका छन् । नेपालमा त ०५२ सालदेखि माओवाद र माओवादी आन्दोलन चर्चाकै शिखरमा रहेको छ । तर अन्य मुलुककोभन्दा नेपालको प्रशंग किन फरक छभने अन्य मुलुकमा शोषित पीडित जनताको मुक्तिका लागि आन्दोलन भैरहेको छभने नेपालमा त्यसको ठीक बिपरितका गतिबिधिहरु भैरहेका छन् । नेपालमा आकस्मिकरुपमा माओवादी पार्टीको गठन गरेर दीर्घकालीन जनयुद्धको घोषणा गरिएको थियो ।

जसका लागि तत्कालीन सरकार समक्ष ४० सूत्रीय माग पेश भएको थियो । तर ति मागकाबारेमा तत्कालीन सरकारसँग कुनै छलफलनै नगरी र दिएको अल्टिमेटमको समयसमेत नहुँदै माओवादी जनयुद्धको थालनी भएको थियो । जुन ०५२ सालदेखि ०६३ सम्म चल्यो । खासमा ०६२ सम्ममात्र चलेको भनेपनि हुन्छ । किनकी ०६२ मंसिर सातगते दिल्लीमा बढो रहस्यमय तरिकाले नेपालका सात संसदवादी दलसँग १२ बुँदे सहमति गरेको बहानागर्दै माओवादी जनयुद्धको बिर्जन गरिएको थियो । उक्त सशस्त्र विद्रोहकाक्रममा सर्बसाधारण नागरिक, विद्रोही माओवादी, नेपाली सेना र प्रहरीलगायतका १७,००० व्यक्तिहरुको मृत्युभएको भन्ने गरिएको छ । जसमा पछिसम्मको संख्याको गणनागर्ने होभने त्योभन्दा पनि बढी हुन्छ । उपरोक्त अवधी र हालसम्मनै नेपालको ग्रामीण भूभागबाट लाखौं मानिसहरुको आन्तरिक विस्थापन भएको छ । जसले हाल नेपालको समग्र अवस्थालाई असन्तुलित बनाउने काम गरेको छ । शुरुमै बेपत्ता पारिएका मानिसहरुका लागि बेपत्ता छानबिन र सत्य निरुपणका लागि दुई छुट्टाछुट्टै आयोग बनेका थिए । सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६४ हजार उजुरीहरु दर्ता भएको भनिए पनि हालसम्म ति बेखबर रहेका छन् । बेपत्ता आयोग अन्तर्गत परेका तीनहजार भन्दा बढी उजुरीहरुको पनि कुनै छानबिन हुनसकेको छैन । सर्बोच्च अदालतमा परेका उजुरीहरुको गणना बेग्लै छ । यस्तो अवस्थामा हाल संसदका दुबै सदनबाट सरकारले संक्रमणकालीन न्याय सम्बन्धी विधेयक पारित गरेको छ । तर त्यो विधेयक बिधिवतरुपमा कानून नबन्दै गंभिर बिवाद परेको छ । जसमा एकातिर पूर्ब माओवादी समूहहरुकै बीचमा बिवाद रहेको छभने अर्कातिर संसदीय समितिमा पनि बिवाद रहेको स्पष्ट छ ।

यस्तो अवस्थामा सो विधेयकलाई प्रमुख तीन दलले जबरजस्त पारित गराएर सत्ता र शक्तिमा रहेकाहरुलाई कारवाहीबाट उम्काउने र सत्ता र शक्ति बाहिर रहेका मुख्यत हालसम्म पनि जनपक्षीय राजनीति गरिरहेकाहरुलाई कारवाहीको दायरामा पारेर सिध्याउने प्रयास भैरहेको देखिएको छ । जनयुद्धकालीन माओवादीको प्रमुख घटक हाल मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले सरकारले संसदबाट पारित गराउन लागेको टिआरसी विधेयकको बिरोधगर्दै पाँचबुँदे असहमति सार्बजनिक गरेको छ । सो पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले गत दुईगते जारी गर्नुभएको असहमतिका बुँदाहरुमा १. विधेयक निर्माणगर्ने प्रक्रियामा हाम्रो पार्टीलगायत सम्बन्धित सबै सरोकारवालाहरुसित आवश्यक बिचार विमर्श नगर्नँ तथा राय सुझाव नलिनु गम्भीर गल्ती भएको छ । २. विधेयकबारे निर्णय लिने प्रक्रियामा संसदमा पनि छलफल बहस नचलाइनु र रहस्यमय तरिकाले पारित गरिनुभित्र गम्भीर षडयन्त्र लुकेको छ । ३. यो विधेयक अत्यन्तै अमूर्त, अस्पष्ट तथा गोलमटोल रहेको छ र यसलाई द्वन्दकालीन घटना विशेषका रुपमा लिनुभन्दा पनि सामान्य प्रकारका घटनाकारुपमा लिइएको छ । ४. उक्त प्रकारको विरोध तथा असहमतिकासाथै सो विधेयक पारित हुन भइसकेको अवस्थामा त्यसलाई विवेकसम्मत तथा न्यायपूर्ण ढंगले प्रयोगमा ल्याइयोस्भन्ने हाम्रो पार्टीको दृढधारणा रहेको छ । ५. राज्यसत्ताको यो षडयन्त्रपूर्ण रवैयाप्रति सजग रहन हाम्रो पार्टी आम जनसमुदायलाई आह्वान गर्दछ भन्ने रहेका छन् । त्यसैगरी संसदको जवाफदेहिता निगरानी समितिले टिआरसी विधेयकमा न्यायका अधिकारलाई कुण्ठितपार्ने गम्भीर त्रुटिहरु यथावत रहेको प्रतिक्रिया दिएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ( तेश्रो संशोधन) विधेयक- २०७९ गतसाता बुधबार प्रतिनिधिसभाबाट र आइतबार राष्ट्रियसभाबाट पारित भएको थियो । उक्त संसदीय समितिले गत बिहीबारनै एक विज्ञप्ति सार्वजनिकगर्दै परिपूरणको विषयमा केही सुधार भएपनि मानव अधिकारका समग्र विषयमाभने त्रुटिपूर्ण भएको प्रतिक्रिया दिएको थियो । विज्ञप्तिमा मानव अधिकार उलंघन र मानव अधिकारको गम्भीर उलंघनको परिभाषा र बर्गीकरण अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनका मान्यता अनुकूल छैन । गम्भीर उलंघनका पीडकलाई ७५ प्रतिशत सजायमा गैरन्यायिक कटौतीको व्यवस्था पश्चगामी छ भनिएको छ । उक्त विधेयकले कसूरको गम्भीरताका आधारमा दण्डसजाय दिनुपर्ने सर्वोपरि मान्यतालाई लत्याएको पनि संसदीय समितिको ठहर छ ।

विज्ञप्तिमा यसबाट गम्भीर अपराधमा क्षमादान, माफी वा फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिने कुनैपनि उपाय अस्वीकार्य हुनेगरी सर्वोच्च अदालतबाट स्थापित नजिरहरु खण्डित भएको गंभिर प्रश्न पनि उठाइएको छ । त्यसैगरी आयोगको सिफारिस बमोजिम मुद्धा चलाउन तोकिएको संकुचित हदम्याद, अनुसन्धानकाक्रममा सार्वजनिक पदबाट निलम्बित हुनुनपर्ने लगायतका प्रबन्ध यो वा त्योरुपमा पीडकलाई फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिनेतर्फनै लक्षितरहेको निगरानी समितिको दाबी रहेको पाइएको छ । विगतजस्तै विध्वंसात्मक हिंसा, गम्भीर मानव अधिकारको उल्लंघन तथा ज्यादती नदोहोरिउन र भावी पिढीले त्यस्ता ज्यादती भोग्न नपरोस् भन्नका लागि दण्डको भय (डिटेरेन्स अफ पनिसमेन्ट) को सिर्जना हुनु जरुरी रहेको उल्लेखगर्दै संसदीय समितिको विज्ञप्तिमा दण्डहीनताको दुष्चक्रको अन्त्यगर्न कानूनी प्रबन्धगर्न असफल हुनु भावी पुस्तामाथिको अन्याय भएको भनिएको छ । सो समितिले यो भावी पुस्ताको शान्तिको अधिकारप्रतिको खेलवाड भएको समेत ठहर गरेको छ । १८ वर्षदेखि थाती रहेको संक्रमणकालीन न्याय प्रक्रियालाई पीडितमैत्री बनाउने ऐतिहासिक अवसर प्रतिनिधिसभाले गुमाएको टिप्पणीगर्दै निगरानी समितिले त्यसमा खेदसमेत व्यक्तगरेको छ । त्यस्तै संशोधन वा न्यायिक ब्याख्याका माध्यमबाट कानूनका गम्भीर त्रुटि सम्बोधनगर्न अपरिहार्य रहेको विज्ञप्तिमा उल्लेख छ । जसमा यस प्रक्रियाको वस्तुनिष्ठ निगरानीका लागि संक्रमणकालीन न्यायको विषयमा सहयोग पुऱ्याउँदै आएका संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय मानव अधिकार संघसंस्था तथा कूटनीतिक नियोग लगायतका विकास साझेदारहरुको पनि ध्यानाकर्षण गराईको छ ।

नेकां, एमाले र माओवादी केन्द्रको बिशेष गठजोडमा बनाउन लागिएको संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसदबाट पारित भएकोमा चीन र अमेरिकालगायतका पश्चिमा मुलुकहरुले नेपालका तीन दललाई धन्यवाद दिएका छन् । तर छिमेकी भारतले त्यसबारे मौनता साँधेको छ । बरु नेपालकी परराष्ट्रमन्त्रि आरजु राणालाई दिल्लीमा बोलाएर छलफल थालेको छ । शुरु शुरुमा नेपालको शान्ति प्रक्रियाका बारेमा अत्यधि बक्तब्यबाजी गर्दैआएका राष्ट्रिय र अन्तराष्ट्रिय मानव अधिकारवादी संघसंगठनहरु पनि मौन रहेका छन् । उनीहरुले मौन समर्थन जनाएका हुन् वा नबुझेर मौन बसेका हुन ? त्यो क्रमशः खुल्दै जाने छ । जसले नेपालमा फेरी शान्ति बिथोलिने र आन्दोलन भड्किने संभावना बढेको देखिएको छ । यसरी नयाँ सरकारले जनस्तरमा छलफलसमेत नगराई शुरुमै उक्त विधेयकलाई जबरजस्त पारित भएको घोषणा गराएर देशमा अशान्ति मच्चाउने प्रयास किन गरिरहेको छ ? त्यो धेरै महत्वपूर्ण ब्याख्या बिश्लेषण र खोजीको बिषय भएको छ ।




काठमाडौं । अर्को नयाँ रमाइलो तीज गीत सार्वजनिक भएको छ । तीजलाई लक्षित गरेर गायीका टिका प्रसाईंको स्वरमा “माया बस्यो संगिनी ” गीत सार्वजनिक भएको छ । गीतमा प्रमिला बस्नेतको शब्द, राजेश थापाको संगीत र रमेश सेन्चुरीको एरेन्ज रहेको छ । आफ्नो मायाको यादमा जवानीलाई साँचेर राखेको कुरा गीतमा गरिएको छ । गीतको भिडियोलाई केशव राज भट्टले निर्देशन गरेका हुन् । भिडियोमा कलाकारहरु जुना कार्की, संचिता बुलाखे, टिका प्रसाईं, सरोज बुढाथोकीले अभिनय गरेका छन् । भिडियोको छायांकन अजय रेग्मी र सम्पादन दिनसन शाहले गरेका छन ।

# कोपिला साहित्य र मुक्तक लेख्ने प्रयासहरू



हे माता पिता खोजेर पाइदैन
आफ्ना कस्ता छन्, हेला नगर देवताजस्ता छन्
संसार भरी रोजेर पाइदैन ।

**- तारा घिमिरे स्वेच्छा**



सबैको भोक हर्न आँटे
निद्रा त हरेका हुन अगाडिनै
नेताले के गर्न आँटे ।

**- कविता केशरी**



एकतामा नै बल हुन्छ
वातावरण मन्त्री बनाऊ राष्ट्र
जैविकतामा मल हुन्छ ।

**- सीता शर्मा पन्थी**



सपना विपना तिम्रै याद आउँछ
प्रिय तिमीले माया नगरे पनि तिम्रै मायाले
यो मन त तिमीलाई नै भेट्न धाउँछ ।

**- राजकुमार राजभण्डारी**



सञ्जालमा जोडिए आज
विभिन्न विधि प्रविधिले गर्दा खेरी
धेरै बाटो मोडिए आज ।

**- सरस्वती श्रेष्ठ**



तानिएर, तन्किएर कहीँ पुगिँदैन
फुर्किएर, फन्किएर कहीँ पुगिँदैन
घडाभरि मिल्छ जल पनि आखिर
गङ्गासँग रन्किएर कहीँ पुगिँदैन ।

**- विष्णुप्रसाद आचार्य**



कहिलेकसो होइन सधैँ नजिक हुन पाउँ
तिम्रै लाड र प्यारले सधैँ लरिक हुन पाउँ
दशधारा दुधको भारा चुकाउनको निम्ति
आमा तिम्रो सेवामा सधैँ सरिक हुन पाउँ ।

**- अर्जुन अधिकारी**



सिमलताल दुई गाडी खस्यो केही भेटिएन
गोताखोर सुरक्षाफौज लागे धेरैको सहयोग भयो
दुरविनले खोज्दा कता पस्यो केही भेटिएन ।

**- सुरेश चन्द्र घिमिरे**



आनीबानीका कुरा
पटक पटक बल्झिएर आउँछन्
पानी नानीका कुरा ।

**- केशवप्रसाद ढकाल**



घर पनि बगायो बाडीले
कस्ले गर्‍यो घात छोड खुराफात
खुशी पनि जलायो गाडीले ।

**- प्रभा पोखरेल, अमेरिका**



आजसम्म खै के गरेँ जिन्दगीमा
प्रगतिनगरमा बसे पनि प्रगति शून्य छ मेरो
सधैँ तल तल झरेँ जिन्दगीमा ।

**- श्रीकृष्ण शर्मा**



फल सज्जनहरूका सत्कर्म धर्मको निश्चित छ
पापीहरूको प्रगति देखेर आफू पछि परेको नठानौं
हो सर्वनाश दुर्जनहरूका कुकर्मको निश्चित छ

**- ढा.ठाकुरमोहन श्रेष्ठ**



भर परेर हिडेको थिएँ साथ पाउँछु भनि
अप्ठयारोमा समाउन हात पाउँछु भनि
आखिर लडाइछाड्यौ, लतारी छाड्यौ नि
मनचित्तमै थिएन यसरी घात पाउँछु भनि ।

**- अम्बिका अधिकारी**



लहलह धानको बाला झुल्यो होला गाउँमा
सयपत्री र पारिजात फुल्यो होला गाउँमा
न्यास्रो बड्यो झल्को लाग्यो,आउँन जुराएन
आमा तिम्रा बाडुली डुल्यो होला गाउँमा ।

**- विनिता आचार्य**

# सुनौलो यात्राकी बेनामी साथी



**अरूणबहादुर खत्री-**




कथाकार रञ्जना पराजुली (लम्साल) को सुनौलो यात्राकी बेनामी साथी नामक कथा सङ्ग्रह हो । यस कृतिभित्र रमिलाका ती दिन, महत्वाकाङ्छी, अन्तर, सिउँदो पुछिएकी चेली, अधुरो सोचाइ, वंश लगायत विभिन्न शीर्षकका २० वटा कथाहरू समावेश छन् । पहिलो कथामा सँगै पढेका रमिला र उमा । कस्तो संजोग एउटै गाउँमा बिहे हुन पुग्यो । श्रीमान् पनि साथी साथी नै परे । धेरै कुरा मिल्दोजुल्दो । सन्तान पनि सँगसँगै एउटा-एउटा छोरा जन्मिए । अंशमा परेको जायजेथा बेची सँगै काठमाडौं सरेका ती दुई जोडीले थोरैथोरै जग्गा एकै ठाउँमा लिएर एक-एक तलाको घर बनाए ।

कथामा देखेभोगेका घटनाक्रमलाई कथामा उतारेकी छिन् । कथाहरू नितान्त सामाजिक छन् । राजनीतिलाई छोएको देखिदैन । प्राय:जसो कथामा गाउँघर र सहरका कथाव्यथा, पतिपत्नी, प्रेमीप्रेमिका, बाबुछोरी विविध खालका पात्रहरू र पारिवारिक संरचनालाई कथामा उतारेर गति दिएको देखिन्छ । उनका प्राय:जसो सबै नै कथाहरू परिष्कृत, परिमार्जित भएर हृदयस्पर्शी हुन सकेका छन् ।

सिउँदो पुछिएकी चेली शीर्षकको कथाभित्र सासू र नन्दलाई आगोमा घिउ थप्न केही निहूँ नचाहिने । एउटी नारी भएर नारीले नारी माथि नै शोषण गरेको देखिन्छ । कसरी सहने बुहारी सरिताले सहेको पनि छ महिना बितेछ कि भगवानलाई थाहा छ कि त उनलाई मात्र भनिएको छ । बिहे गरेर घर पसेको छ महिनामै लोग्ने गुमाएकी एउटी नारी आफूजस्तै अरू नारीहरूबाट उत्पीडित हुँदै जान्छे । आखिरमा घरबाट समेत निकालिन्छे । अन्तर शीर्षकको कथामा घरकी बुहारी जुनूले म माथि शारीरिक र मानसिक यातना थपिदै गयो । मेरै उमेरको नन्द कलेज जान्थिन् र जागिर खान्थिन् । उनको प्रशंसा हुन्थ्यो मलाई होच्याउँदै । मेरो श्रीमान्को ओछ्यानमात्र थिएँ म भनेकी छिन् ।

यस सङ्ग्रहमा भाषिक सरलता र विषयवस्तुको सही प्रस्तुतिले भने कथाहरूलाई अब्बल बनाएको छ । मध्यम वर्गका नेपाली नारीहरूको पीडालाई कथाहरूले उचित किसिमले पाठकहरू समक्ष ल्याएका छन् । महत्वाकाङ्क्षी शीर्षकको कथामा जागिर खाँदै सहर पस्ने सोचाइ राखी सदरमुकाम पसेका दुई बहिनीले महिनौ भौतारिदा पनि जागिर नपाएको कुरा लेखिएको छ । बुबाले दिनु भएको पैसाले चुँडीचुँडी गुजारा टार्दै आएका दुई बहिनी सहरको भिडमा भिजी सकेका थिएनन् भनिएको छ । कथाकार रन्जनामा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम छ । कथाहरूमा चरित्र चित्रणलाई जोड दिइएको छ । कथामा कौतुहलताको प्रयोग निकै सचेततापूर्वक गरेकी छन् । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्र बनाएर कथा सिर्जना गर्न सफल छन् । यस दृष्टिले हेर्दा रन्जनाद्वारा लेखिएका कथाहरू अध्ययन गर्दा शीर्षक, संरचना, विषयवस्तु र प्रस्तुतिमा पनि त्यसको आभाससम्म पाइँदैन । कुनै कथाको खाका बनाएपछि शब्दमा नउतारून्जेलसम्म कथाकार रन्जनालाई एकप्रकारको छटपटी भइरहन्छ । विशेष गरी तिनका पात्रहरूले उनका आँखावरिपरि ओहोर-दोहोर गरेर र अनेक उतार-चढावबाट परिस्थितिहरू गुज्रिएर मनलाई पीडादायी बनाइदिन्छन् । मधुरो सोचाइ शीर्षकको कथाभित्र भन्छन् धन हुनेको मन हुँदैन, मन हुनेको धन हुँदैन । म पनि कमलो मन भएकी तर धन नभएकी परे । मैले तमासा हेरेर बस्न सकिन र बीचमा पसेर उसलाई तानेर भने आऊ बाबु म तिमीलाई केही किनेर खुवाउछु कथाकारले भनेकी छिन् । उपलब्धि शीर्षकको कथामा नकराऊ पुनम, हद भयो अब । हो मैले तिमीलाई पाल्नुपर्ने ठाउँमा मलाई पालेकी छौ भन्न खोजेकी हैन ? भनिएको छ ।

अपजस शीर्षकको कथामा तरकारी किन्ने मण्डीमा टमाटार छान्दै गर्दा घरबाट आमाको फोन आयो । कुरा गर्दै पर्स खोलेर पैसा तिरिन् र टमाटारको झोला बोकिन् पर्स त्यही छोडेर । हुस्सु मुना आमासँग कुरा गर्दै कोठा पुगिन्, ढोका खोल्न चाबी खोज्दा बल्ल पर्सको याद गरिन् । हत्तपत्त दौडदै टमाटार किनेको पसलमा पुगिन् तर पर्स थिएन भनिएको छ । यस कथासङ्ग्रहभित्रको परिचय शीर्षकको अन्तिम कथाले बाबु मैले सुने अनुसार विष्णुप्रसाद सहर बसेर कहिले खुसी भएनन् रे । उनलाई यो गाउँमा कहिले फर्केर आउन पनि मन लागेन रे । फर्केर नआइ बितेछन् भनिएको छ ।

उनका कथा समाजले भोग्दै आएका दु:ख, पीडा र सङ्घर्षका कथा हुन् । कथाले यथार्थको मात्र चित्रण नगरेर वास्तविक जीवनको यथार्थलाई उत्प्रेरित गर्छन् ।

कथाहरूले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । कथाले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ । जीवनका प्रत्येक पल कथावस्तु हुन् भने समाजका प्रत्येक घटना कथा हुन् । रन्जनाको सम्पूर्ण कथाकारितालाई अध्ययन गर्दा उनी प्रखर सामाजिक र समकालीन चेतना भएका अनि विविधतापूर्ण विषयहरूमा कलम चलाउन सक्ने एक कथाकार हुन् । उनको यस कथासङ्ग्रहले नेपाली साहित्यको इतिहासमा एउटा प्रभावकारी छाप छाड्न सक्नेछ । उनको कथालेखन अगाडि बढ्दै जाओस् ।

# जनआकाश साप्ताहिकको १७औं वार्षिकोत्सव

*- जयराम बिडारी*

साउन ३१, जनआकाश साप्ताहिकको १७औं वार्षिकोत्सव सम्पन्न भएको छ । जनआकाश साप्ताहिकले आफ्नो स्थापनाको १७औं बार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको हो ।

जनआकाश मिडिया प्रा. लि. को आयोजनामा मुक्तिनाथ विकास वैंक, एनएमबी बैंक, कामना सेवा विकास बैंक लि. तथा म्याक लुब्रिकेन्टको प्रायोजन तथा अखवार नेपाल एवं सैलुङ अनलाइन मिडियाको संयोजनमा एक विशेष समारोह हुन सक्नु आश्चर्य हो । कारण स्वरोजगारमूलक साप्ताहिक पत्रिकाहरू जीवन मृत्युको दोसाँधमा संघर्ष गरिरहेका छन् ।

सो अवसरमा जनआकाश साप्ताहिकका प्रधानसम्पादक मोहन कार्कीद्वारा लिखित ‘कृपज’ नामक पुस्तकको लोकार्पण, स्रष्टाहरूलाई सम्मान तथा संगीत खबर कार्यक्रमको प्रोमो प्रमुख समुद्घाटन गरी कार्यक्रम सुसम्पन्न गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य व्यक्त गर्ने क्रममा उपसभामुख इन्दिरा रानामगरले संघर्षबाट खारिएर अघि बढेका सम्पादक मोहन कार्कीकृत ‘कृपज’ (कृषि,पर्यटन र जलविद्युतले) समग्रतामा विकास निर्माणका लागि स्पष्ट निर्देश गरेकोमा खुशी व्यक्त गर्दै कृति सफलकको शुभकामना व्यक्त गरिन् । उनले भनिन् ‘म आफै पनि सानो छँदा दु:ख गरेरै अघि बढेको हुँ, अहिले पनि सामाजिक क्षेत्रमै बालबालिकाको लागि काम गरेर आएको व्यक्ति हुँ । कतिपय बालबालिकाको आमा बाबुकै टुङ्गो नलागेका कोहीका बाबु-आमा जेल परेका पिडितहरू छन्, तिनीहरूलाई बिभिन्न ठाउँबाट सहयोग जुटाएर शिक्षा, दिक्षा दिईरहेको छु र उनिहरूलाई एउटै परिवार जस्तो गरी बुबा-आमा, दाजु-भाई दिदी बहिनी जसरी पालन पोषण गरी हुर्काइरहेको छु ।



उनले जनआकाश साप्ताहिकद्वारा आयोजित उक्त समारोहमा उनले लोकतान्त्रिक मुलुकमा नागरिक अधिकार संरक्षण गर्न सञ्चार क्षेत्र राज्यका सबै निकायले प्रभावबाट मुक्त भएर तटस्थ हुनुपर्नेमा जोड दिईन् । साथै समाजमा भएका सत्यतथ्य घटनालाई सञ्चारकर्मीले ऐनाको रूपमा जस्ताकोत्यस्तै देखिने गरी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् ।

उक्त अवसरमा मोहन कार्कीद्वारा लिखित ‘कृपज’ माथि समिक्षात्मक टिप्पणी गर्दै दामोदर दीपकले विद्रोह संघर्ष र लगनशीलताका परिचायकका रूपमा पहिचान स्थापित गरेका मोहन कार्की राष्ट्र निर्माणका संवाहकका रूपमा स्थापित भएको बताउँदै यो देशका योजनाविद तथा राजनैतिक नेतृत्वले मोहन कार्कीद्वारा लेखिएको ‘कृपज’ कृषि पर्यटन र जलविद्युतका क्षेत्रमा इमान्दारीका साथ लागू गर्ने हो भने देश विकासका लागि लामो समय कुर्न नपर्ने बताए । उनले ‘कृपज’ विकासको लागि सुत्रात्मक कृति रहेको बताए ।

विशेष अतिथिका रूपमा आएका नेपाल राष्ट्रिय व्यवसायी महासंघका कुमार कार्कीले विचौलियाहरूको अन्त नभईकन देशको विकास गर्न नसकिने धारण राखेका थिए । त्यसैगरी पर्यटन विज्ञ खुम बहादुर सुवेदीले शुभकामना दिदै भने पर्यटन क्षेत्रको बृहत्तर विकासको लागि पर्यटनको समुचित विकास गर्नुपर्ने आवश्यकता औल्याएका थिए । अतिथिकै रूपमा आएका नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तराम विडारीले स्वदेशी र आत्मनिर्भरमुखी पत्रपत्रिकालाई जोगाउन सरकारले उपर्युक्त भूमिका खेल्नुपर्नेमा जोड दिंए ।

समाजका बिभिन्न क्षेत्र बित्तिय साहित्य ,पत्रकारिता बहुआयामिक प्रतिभा लगायत लोकबिधा,सुसेली,साहित्य लगायत, समाजसेवी समेत गरि समाजमा विशिष्ट योगदान दिएका विभिन्न विधाका व्यक्तित्वहरूलाई सम्मान पत्र,कदर-पत्रले तथा मायाको चिनो प्रदान गरी सम्मानित गरिएको थियो । यसप्रकारका कार्यक्रममा सघाउने संस्थाहरूलाई धन्यवाद ।

# साहित्यिक पत्रकार संघको वार्षिकोत्सव

साहित्यिक पत्रकार संघले मनायो त्रिपन्नौं वार्षिकोत्सव मनाएको छ । यो अवसरमा साहित्यिक साधकहरू र कलाकारलाई अभिनन्दन, सम्मान तथा पुरस्कृत गरेको छ ।




साहित्यिक पत्रकार सङ्घका अध्यक्ष राधेश्याम लेकालीको सभाध्यक्षतामा तथा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्व कुलपति कलाकार के.के. कर्माचार्यको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञाप्रतिष्ठानको लेखनाथ सभाकक्षमा भएको सो कार्यक्रममा अभिनन्दित हुने साहित्यकारहरूमा तेजेश्वरबाबु ग्वङ्ग, रोचक घिमिरे, कालीप्रसाद रिजाल, भागीरथी श्रेष्ठ, रामबाबु सुवेदी र डा. दुवसु क्षेत्री छन् भने कलाकार वसुन्धरा भुसाल पनि अभिनन्दित भएकी छिन् ।

दुवसु क्षेत्री जापानका लागि नेपालको राजदूत भएर गएकाले र सुरेन उप्रेती क्यानडामा रहेकाले कार्यक्रममा दुवै जना अनुपस्थित रहेका थिए । अस्वस्थताले उपस्थित हुन नसकेका साहित्यकार तेजेश्वरबाबु ग्वङ्गलाई कार्यक्रमपछि उनकै निवास भक्तपुरमा अभिनन्दनपत्र हस्तान्तरण गरिएको थियो । त्यसैगरी सम्मानित हुने सर्जकहरूमा देवीभक्त श्रेष्ठ, सविता श्रेष्ठ ‘बेहोसी’ र बाबुराम श्रेष्ठ रहेका छन्। बाबुराम श्रेष्ठ पनि विदेशमा रहेकाले कार्यक्रममा उपस्थित हुन सकेनन् । कार्यक्रममा व्यथित काव्य सम्मानबाट मणि लोहनी र व्यथित काव्य डायस्पोरा सम्मानबाट सुरेन उप्रेती सम्मानित भएका छन् ।

लोकप्रिया पुरस्कारबाट लीलादेवी श्रेष्ठ पुरस्कृत भएकी छिन् । अभिनन्दित, सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरूलाई फूलको माला, रूद्राक्षको माला, ढाका, टोपी लगाइदिएर दोसल्ला समेत ओढाइएको थियो । कार्यक्रममा वरिष्ठ समालोचक प्राडा गोविन्दराज भट्टराई, वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, वरिष्ठ इतिहासविद् सुरेन्द्र केसी, प्राज्ञ माया ठकुरी, प्राज्ञ उन्नती शीला बोहरा, चर्चित समालोचक प्रमोद प्रधान, गीतकार तथा समाजसेवी शोभित उप्रेती तथा सापसका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठको समेत उपस्थिति रहेको थियो । प्रमुख अतिथि के.के. कर्माचार्यले साहित्यिक पत्रकार सङ्घ एउटा ऐतिहासिक सङ्घ भएको बताए ।




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# कति लिने लोकतन्त्रको हुर्मत

लोकतन्त्रमा विधिको शासन कायम हुनसकेन । लोकतन्त्रमा विधि मिचियो, सुशासन नहुनाले लोकतन्त्र बदनाम भयो । किन ? यसको जिम्मेवारी कसैले लिनुपर्ने कि नपर्ने ? जवाफदेहीता हुनुपर्ने लोकतन्त्र किन लथालिङ्ग छ ?

यक्ष प्रश्न उठिसकेको छ। सवालको जवाफ नदिएर हुँदैन । लोकले सवाल उठाउने, जवाफ नदिएकै कारणले अफगानिस्तान, श्रीलंकामा जनविद्रोह भयो, हालैका दिनमा बंगलादेशमा भएको जनविद्रोह पनि शासकको गैह्रजिम्मेवारीका कारणले भएको हो । जनतालाई झुक्याउन सकिन्छ, तर सधेंभरि झुक्याउन सकिन्न । यही लोकोक्तिको परिणाम बंगलादेश भोगिरहेछ ।

समयको प्रश्न छ- नेपाली नेतृत्वगणले गणतन्त्रको राग अलापेर नथाक्नेहरूले २७ सय वर्ष अघि राजा सुद्धोधनका दरवारमा अभ्यास गरिएको गणतन्त्र कस्तो थियो ? इतिहास पढ्नैपर्छ र पढ्ने हो भने थाहा लाग्छ, त्यतिबेला गणराज्य थियो, गण सार्वभौमसत्ता सम्पन्न थिए, राजा गणाधिपति थिए । राजा गणको धरातलमा उभिन्थे । गणप्रति जिम्मेवारी निर्वाह गर्थे । बुद्धलाई निर्वाणा प्राप्त भएपछि बुद्धले 'संघम् शरणम गच्छामी' भनेर जनजनमा संघीयताको मन्त्रदान नै गरिदिएका थिए । अहिलेका देउवा, ओली, प्रचण्ड लगायतका ठूलासाना सबै नेताहरूको धरातल कुन हो ? यी कस्ता गणाध्यक्ष हुन् ?

नेपाली राजनीतिमा कूट विचार छ, कुटनीति छैन । अपराधीकरण छ, राजनीति छैन । कुटिलतालाई कूटनीति मान्नेहरू अबुझ हुन् । विधि मिच्नु र सत्ता हासिल गर्नुलाई राजनीति भन्नेहरू दयापात्र हुन् । चरित्र कठपुतलीको राख्ने अनि स्वार्थी कुटिलतालाई राजनीतिक रणनीति भन्दाभन्दै जनयुद्ध र जनआन्दोलनका उपलब्धिजति मटियामेट भइसके । लोकतन्त्रका विशेषताहरू धुलिसात देखिन्छन् । संविधान त लेखियो, संविधानअनुसार २ पल्ट आवधिक निर्वाचन पनि सम्पन्न भयो तर निर्वाचनले राष्ट्ररूपी लोक, लोकका लागि ल्याएको लोकतन्त्र कौवालाई बेलपाके सरह हुनपुग्यो ।

२०५४ सालमा गरिएको एउटा अनुसन्धान रिपोर्टले देखाएको छ- मुस्ताङमाथिको दामोदर कुण्ड क्षेत्रमा पाइने दुर्लभ अर्गालिक जातिको जंगली एसियाली भेडा जो ४ फुट अग्लो र २ सय पाउण्डको हुनेगर्छ, यसको आकर्षण सिंग हो भन्ने नेपालले नबुझ्दा दिनदिनै सखाप भइरहेको छ । नेपाली जातिको सम्पूर्ण आकर्षण लुटाएर विदेशीले फालेको 'कुत्तेका खाना'मा लुछाचुँडी गरिरहने र विदेशीले फालेको 'अनेक अभिष्टसहितको नेपाल कमजोर बनाएर शक्तिशाली हुने विषालु भारू, डलर कुम्ल्याएर' नेपाली एकताको शक्ति बिखण्डन र बिभाजन गर्दै भूराजनीतिको भूमरीमा नेपाल राष्ट्रलाई पार्ने कुटिलतालाई सक्षम होइन, असक्षम राजनीति मान्नैपर्छ । यस्तै राजनीतिले नेपालको गरिमा र महिमा साँघुरिएर जाँदो छ, लोकतन्त्रको राजनीति गर्छु भन्ने ठूला साना पार्टीले कुनै चिन्ता र चासो राखिएको देखिएन ।

लोकतन्त्र छ, लोकतान्त्रिक संविधान पनि छ ।

छैन, लोकतान्त्रिक विधि र मान्यता, विशेषताहरू छैनन् ।

कागजको फूल र नेपालको लोकतन्त्र उस्तै उस्तै देखिएको छ ।

अर्थात्, लोकतन्त्रको आवरणमा मुखुण्डोतन्त्र चलेको छ । मुखुण्डातन्त्र भनेको जात्रा हो, लाखेनाच हो । जुन एकछिनको रमाइलो हो । एकछिनको जात्राले देशको भाग्य र भरोसा निर्माण हुनसक्दैन । ठूला ठूला शान्ति र समृद्धिका सपना देखाउनेहरूले सपना पूरा गर्ने इच्छाशक्ति, त्याग र बलिदान दिन कोही तैयार छैनन् । यस्तो राजनीति भनेको अपराधतन्त्र हो ,

# चारू मजुमदार लजाउने नेपाली कम्युनिष्टहरू




नेपाली कम्युनिष्टहरूलाई कम्युनिष्ट भन्न नसकिने भयो ।

गरीबी कम्युनिजमका लागि उर्बर भूमि हुनेरहेछ । यो उर्बराको अधिकतम शोषण गरेर नै कम्युन्यालिष्टहरू कम्युनिजमको खेती गर्दा रहेछन् र स्वार्थको बाली भित्र्याउँदा रहेछन् । जनमत संङ्ग्रह गर्दा कम्युनिजमले काम गऱ्यो, हो, बहुदलले जित्न सकेन । तर १२ वर्षभित्रै सडक आन्दोलन भएर दलमाथिको प्रतिवन्ध फुकुवा भयो, सडक आन्दोलनमा प्रजातन्त्रवादीले भन्दा प्रभावकारी आक्रोश वामपन्थीकै थियो । १० वर्षे जनयुद्धमा वामपन्थीले गरीबहरूलाई बन्दुक बोकाए, ०६२-६३ सालको जनआन्दोलनमा पनि वामपन्थी नै हावी भए । राजतन्त्रको अन्त्य, हिन्दुधर्मको बिनास, लोकतन्त्रको नाममा लूटतन्त्र चलाउन कम्युनिष्टहरू अग्रपङ्तिमा देखिए । बहुदलपछिको ३४ वर्ष र लोकतन्त्रको १८ वर्ष कम्युनिष्टकै जाज्वल्यमान समय थियो । यो समयमा कम्युनिष्टले आफूले आफैलाई नवसामन्तवादको बादशाह नै साबित गरिदिएका छन् ।

नेपाली वर्णपटलाई पल्टाउँदा देखिन्छ- २००७ सालमा नेपाली कांग्रेसले प्रवासबाट लैनछोकडा ल्यायो र तिनलाई बन्दुक बोकाएर मुक्तिसेनाको नाम दियो । राणाको प्रहरी रामदल र कांग्रेसको मुक्तिसेना मिलाएर पहलसिंह लामाको नेतृत्वमा प्रहरी संगठन खडा गरियो, जुन आजको नेपाल प्रहरी हो । नेपाल प्रहरी सत्य सेवा सुरक्षाको मन्त्र बोकेर हिडेको छ तर प्रहरी देशको कम राजनीतिक पार्टीको आदेश र निर्देशनमा बढी चल्ने गरेको छ । राजनीतिकरण भएको छ ।

२०५२ सालमा सुरू भएको जनयुद्ध १० वर्ष चल्यो । जनयुद्ध हाँक्ने कमाण्ड, हाइकमाण्डले १८ वर्ष राजनीतिको निर्णायक नै बन्न भ्याए । त्यसो त २०२८ सालतिर जनवादी विद्रोह गर्ने झापा आन्दोलनकारीका एक नाइके केपी ओली चौथोपल्ट प्रधानमन्त्री बन्न सफल भएका छन् । प्रचण्ड र ओली, यी दुबै कम्युनिष्ट थिए र दुबै वामशक्ति मिलेर नेकपा बनाए, फुटे, दुबैले प्रजातन्त्रवादीलाई टेको बनाउन सफल भए । आफूलाई कम्युनिष्ट भन्ने यी दुबैले कांग्रेसको ढाडमा टेकेर टाउकोमा हान्न सफलता हासिल गरे ।

यिनले बिर्सिए- नक्सलवाडीका कम्युनिष्ट नेता चारू मजुमदारले कार्यकर्ताले पुँजीवादी चोला फेरे भनेर रूखमा झुण्डिएर मर्नुपऱ्यो । चीनका राष्ट्रपति सीजिन पिङले खुला अर्थनीति अँगालेर चीनलाई विश्वशक्ति त बनाए, तिनै सीजिन पिङले नेताका सम्पत्ति सबै राष्ट्रको हुने घोषणा गरेका छन् र बेलायतमा नाम चलेका नेपाली प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बृटिस दृष्टिमा कम्युनिजम विश्वमा असफल शिद्ध राजनैतिक व्यवस्था हो । अर्थात कम्युनिष्ट सपनामा भुलाउने गफ हो, राष्ट्रवाद बलियो पार्ने अभियान होइन । कम्युनिष्ट अविश्वसनीय छन् ।

हो, २०४६ सालको परिवर्तनपछि चुनाव कांग्रेसले जिते पनि देशै राताम्मे देखिएको थियो । सूर्यअंकित झण्डा जनआन्दोलन सफल भएको २०६३ वैशाख ११ गते विहानसम्म कतै थिएन । थियो त रूखका हाँगा र माओवादी लडाका तथा समर्थकका सलह पंक्ति थियो । मंसिर ५ गते शान्ति सम्झौता गर्ने दिनसमेत सूर्यअंकित झण्डाको रङ् कतै कतै मात्र थियो । राजतन्त्रको निर्णय जनमत संग्रहबाट हुनुपर्ने एमालेको अडान एकाएक कुनै आकाशवाणीको निर्देशनमा बदलियो र गणतन्त्र कार्यान्वयन सम्भव भएको हो । गणतन्त्र कार्यान्वयन प्रस्ताव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानसभामा पेश गर्न सकेनन्, उनले खेताला पठाए कृष्णप्रसाद सिटौलालाई जो चुनाव हारेका कांग्रेसी थिए । किन ? कसको आदेशले ? यसबारेको भुलभुलैया अझै कायमै छ ।

जेहोस्, विधिसंगत गणतन्त्र कार्यान्वयन भयो भनिन्छ । संविधान पनि निर्माण भयो । ०६४ सालको बहुमतको माओवादी ३२ सिटे हुनपुगेको छ । ढाडमा टेकेर टाउकोमा हान्ने र लुकेर हिर्काउने रातो किताबका घोकन्ते कम्युनिष्टहरू शनैः शनैः ओह्रालोयात्रामा छन् । संगठन बलियो पार्न सकेको कारण एमाले होसमा छ, बाँकी पार्टीहरू बेहोसमा छन् । यद्यपि कम्युनिष्टहरू कम्युन्यालिष्ट बनेर बदनाम छन् ।

शक्ति बन्दुकको नालबाट निस्कन्छ, संसद भनेको बोकाको टाउको देखाएर बाखीको मासु बेच्ने थलो भन्ने कम्युनिष्टले स्थानीयदेखि राष्ट्रियतहसम्म एकछत्र शासन गरिरहेका छन् । २०१५ सालको चुनावमा ४ सिटे कम्युनिष्टहरू गुट फुटमा भए पनि अझै प्रभावशाली नै देखिन्छन् । यो सबै गरीबीका कारणले हो । सत्यको चेतना छ, गरीबीका कारण जनता कम्युनिष्ट पार्टीका लहरमा गाँसिन छाडेका छैनन् ।

लोकतान्त्रिक शासन व्यवस्थामा कम्युनिष्टको जित, कम्युनिष्टको दबदबा । यो आश्चर्यको परिदृश्य हो । नेपालको कम्युनिष्टतन्त्रको निरन्तरता देखेर सारा विश्व चकित त भयो, यो चमत्कारमा नागरिकले पटक पटक समर्थनको पञ्जाछाप पनि लगाइदिएका छन् । यो लोकतन्त्रका लागि थियो, अधिनायकवादका लागि पञ्जाछाप थिएन । नागरिकदेखि सिङ्गो विश्व नेपालको कम्युनिष्ट शासनलाई चीलका नजरले हेरिरहेका छन् । कम्युनिष्टले लोकतन्त्रका नाममा निरंकूशता, परिवारवाद कति चलाइरहलान् ?

नेपालमा को छ कम्युनिष्ट, के छ कम्युनिष्ट ? यो गम्भीर प्रश्नमा विश्लेषण सुरू भइसकेको छ ।

कारण, कम्युनिष्टहरू जुकाको जस्तो भ्रष्टाचारी पित्ले, घ्याम्पे भुँडीवालबनेका छन् । एनजीओदेखि बैंकरसम्म, स्कूलेदेखि युनिभर्सिटीसम्म, स्वास्थ्यदेखि जलस्रोतसम्म, सञ्चारदेखि सेयरबजारसम्म, राज्य र समाजका सबै सञ्जालहरूमा कुनै खन्चुवा, भ्रष्ट, दलाल, पदीय दुरूपयोग गर्ने र नीतिगत भ्रष्टाचारमा चुर्लुम्मै डुबेको छ भने सयमा ८० प्रतिशत कम्युनिष्ट छन् । अव त सुनतस्करीदेखि माफियासम्म, डन र दस्ता खडा गरेर कमाउ अभियानमा लागेका र कुनियत, अस्लिल कृयाकलापमा समेत कम्युनिष्ट जोडिन पुगेका छन् ।

यसकारण प्रश्न उठेको छ- को छ कम्युनिष्ट ? के छ कम्युनिष्टजस्तो ?

कम्युनिष्ट सर्वहारावादी भनिन्छ, सम्पत्तिवाला यिनै बनेका छन् । २०४६ सालपछि भ्रष्ट कांग्रेस अथवा मधेसी नेताहरूमात्र होइन, सबैभन्दा भ्रष्ट त कम्युनिष्टहरू पो रहेछन् । यसले के देखाउँछ भने राजनीति कम्युनिष्टका लागि मुनाफाको ग्यारेण्टी भएको पेशा बनेको छ । यो पेशामा कम्युनिष्ट उत्पादक, डिलर, सवडिलर सबै आफै बनेका छन् । सर्वहारा बर्गको नारा लगाउने कुनै कम्युनिष्ट नेता सर्वहाराजस्तो देखिन्छ ? मोहनचन्द्र अधिकारी जो सच्चा कम्युनिष्ट हुन्, उनी त माँगेर हिड्न बाध्य छन् । रूद्राक्षका गेडा गनेर श्रीकृष्ण भन्न थालेका भेटिन्छन् ।

अन्य नेपाली कम्युनिष्ट नेताको अनुहार र तिनको रहनसहन हेर्दा लाग्छ, नेपालका कम्युनिष्ट करोडीमल हुन्, अरवका शेख हुन् । करोडीमल र शेखको सोच राष्ट्रिय गौरव, गरीव, किसान, मजदुर, महिला, सिमान्तकृत बर्ग, दलिततिर होइन, स्वार्थ र सत्तामा बढी हुनेगर्छ । जव जनता जनता जोड्न सकिन्न, त्यो देशको आधार जहिले पनि बालुवाको ढिस्को जस्तो हुनेगर्छ । यी कम्युनिष्ट करोडीमल, शेखहरूले राज्यसँग १ सय २६ जातिलाई जोड्ने होइन, यिनलाई फोडेर यिनको हक खोस्ने, भोट बैंक निर्माण गर्नतिर नै लागिरहेको देखिन्छ । यहाँसम्म कि योजना आयोग र सरकारको योजना र विकास बजेट संघीयतातिर काटेर सांसदको हातहातमा दिएको पुऱ्याउने यिनै हुन् । सांसदलाई ठेकेदार बनाउने र बिल भपाई मिलाएर भ्रष्टाचार गर भनेर उक्साउने कम्युनिष्ट नै हुन् ।

यस्ता नेताहरू आफूलाई कम्युनिष्ट भन्छन् । भएका उद्योग बेच्ने, राज्यसम्पत्तिमा माफियाकरण गर्ने, विधिमाथि हैकम चलाउने, युवा निकासी गरेर रेमिटान्समा ढलीमली गर्ने, यस्ता पनि कम्युनिष्ट ? चीन, भियतनामबाट सिक्ने भए जनताले धेरै अवसर दिएकै हुन्, समाजवादका लागि कालजयी निर्णय गरेर महाथिर बन्ने मार्ग कुनै नेताले लिएनन् । के छ कम्युनिष्ट, को छ कम्युनिष्ट ? उही हाटहुट, लाटलुट ।

भ्रम छर्न खप्पीस छन् कम्युनिष्टहरू । पानीजहाज, हावाबाट विजुली, १० वर्षमा देशै स्वर्ग बनाउने कुरा । समानता र समृद्धिका कुरा । यिनका समाजविरोधी चाला बुझ्नेहरू भन्छन्- अलि हजम भएन ।

हुन त पागलको नाम बुद्धिबहादुर, नेत्रहीनको नाम नेत्रबहादुर राख्ने देश हो यो । जो कम्युनिष्टजस्तो छैन, कम्युनिष्टजस्तो केही छैन, ती नेता कम्युनिष्ट नेता, ती पार्टी नेकपा ।

कुनै पार्टी वा नेता नीतिमा अडेनन्, जनविरोधी काम गऱ्यो, आफैमा बिभाजन भयो, स्वार्थ मिल्नेभए हातेमालो गऱ्यो । कांग्रेस वा अन्य लोकतन्त्रवादी पार्टीसमेत कम्युनिष्टजस्ता देखिन पुगे । यो कम्युनिष्टतन्त्रको जीत होइन, स्वार्थी र अवसरवादी राजनीति मात्र हो ।

संविधान लोकतान्त्रिक छ, पद्धति लोकतान्त्रिक हो । कमाण्डमात्र कम्युनिष्टको हातमा हो । यो अनौठो संयोगलाई सदुपयोग गरेर देशको दिशा दिन कम्युनिष्टहरू असफल भएकै हुन् । फेरि पनि प्रश्न उठ्नेछ, के छ को छ कम्युनिष्ट ?

एउटा डरलाग्दो आशंका गर्न सकिन्छ । भारतले सिक्किम खानका लागि महारानी होप र लेण्डुप दोर्जीको हतियार चलाएको थियो । २१औं शताव्दीमा कम्युनिष्टको ऐतिहासिक विजय, कम्युनिष्टको सरकार ? चाप्लुसका कारण नेपालको राजतन्त्रात्मक इतिहास मेटियो । कम्युनिष्टको यो जीतका पछाडि पराईको कुनै ग्याण्ड डिजाइन त छैन ? किनभने जनादेश नै नलिई हिन्दुधर्म र राजतन्त्र सिध्याउने काम यिनैले गरे, यिनले विदेशी सहयोग लिएकै हो । विदेशी पैसाले संविधान लेखियो, चुनाव गराइयो, जित्नेले जिते, विदेशी सहयोगको स्वागत गर्नेले अदालत, सर्वोच्च, संसदसम्म दातृ समूहलाई प्रवेश गराएका छन् । संसदमा नेमकिपाका सांसदको ताजा प्रश्न छ- हामीले खाने भातमा कुन दातृसमुदायको सहयोग छ ? यो प्रश्न मृत्युघण्टाजस्तो बज्दैन भने नेपाल र लोकतन्त्र कसरी बच्छ ? के छ कम्युनिष्ट, को छ कम्युनिष्ट ?


***काठमाडौं । श्रावण शुक्ल पूर्णिको दिन 'येन बद्धो वलीः राजा दानवेन्द्रो महाबलः । तेन त्वां प्रतिबध्नामि रक्ष मा चल मा चल । अर्थात् जुन रक्षासूत्रले अत्यन्त बलशाली राजा वली बाँधिएपछि सारा देवगण सुरक्षित भए, म त्यही रक्षासूत्रले बाँधी तिमीलाई सुरक्षित गर्दछु ।' भन्ने मन्त्र जप गरिएको जनै फेर्ने र रक्षाबन्धन गरिन्छ ।र्य भगवानको प्रत्यक्ष ऊर्जा प्राप्त गर्ने र त्यसमा गायत्री मन्त्रको उच्चारणले शारीरीक, मानसिक र आध्यात्मिक सार्मथ्यको वृद्धि हुने बिश्वास छ । साथै यसलाई पवित्रता र सुरक्षाको बन्धन पनि मानिन्छ ।***



Gorkha Express Weekly

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# मुग्लिन–पोखरा सडक बिस्तामा किन ढिलाइ



मुग्लिन-पोखरा सडक विस्तारमा समयमै काम पूरा हुने सम्भावना छैन भनेर आलोचना सुरू भएको छ । आरोप छ- नेपालमा रहेका चिनियाँ कूटनीतिज्ञहरू 'वुल्फ वारियर' कूटनीतिको रणनीति पछ्याइरहेका छन् । चिनियाँ निर्माण ठेकेदारहरू पनि निर्मम कूटनीतिज्ञहरूको समर्थनमा छन् । चिनियाँ ऋण जाल नेपालको लागि टाउको दुखाइको विषय बनेको छ । हाल चिनियाँ ठेकेदारहरूले विकासमा समस्या सिर्जना गरेका छन् ।

ठेकेदारहरू ध्रुवे हात्ती बनेको टिप्पणी भइरहेको छ । मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको अवरोध बारेमा भन्नुपर्दा ८०.३३ किलोमिटर लामो मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको म्याद भदौमा सकिँदैछ । तर, काम अझै आधा पनि पूरा भइसकेको छैन । म्याद थप गर्नैपर्ने भएको छ ।

सडक विभाग, आयोजना निर्देशनालय (एडीबी) का निर्देशक चुडाराज ढकालका अनुसार ४५.४२ प्रतिशत काम भएको छ । आँबुखैरेनी-जामुनेसम्म ४१.४५ किलोमिटरको काम चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले र जामुनेदेखि पोखरा पृथ्वीचोकसम्मको ३८.८८ किलोमिटरका काम आनहुई काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले गरिरहेको छ । यी दुवै खण्डको काम अधुरो छ ।

सडकको बीचमा रहेका बिजुलीका पोल, रूख बिरूवा तथा घर टहरा समयमै हटाउन नसक्दा समेत आयोजनाको कामले अपेक्षित गति लिन सकेको थिएन । यो आयोजनामा भूगोल हेरेर २१ देखि ४५ मिटरसम्म सडक फराकिलो बनाउने लक्ष्य छ । आयोजनाका लागि एसियाली विकास बैंक (एडीबी) ले सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराएको छ ।

४२ महिनाभित्र काम सक्ने गरी राजमार्ग विस्तारको जिम्मा आनहुई काइयुयान हाइवे एन्ड ब्रिज कम्पनीले ७ अर्ब ४० करोड ४६ लाख रूपैयाँमा ठेक्का पाएको हो । मुग्लिनदेखि तनहुँको जामुनेसम्म ४१ किलोमिटर पूर्वी खण्डमा माघ २०७७ मा ६ अर्ब २१ करोड ३१ लाख १३ हजार रूपैयाँमा चाइना कम्युनिकेसन कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता भएको थियो ।

प्रगति विवरण केलाउँदा यो आयोजनाले आव २०८०/८१ मा केही गति लिएको देखिन्छ । सडक कालोपत्र गर्ने काम अधिकांश यसै आवमा भएको विवरणमा उल्लेख गरिएको छ ।

निर्माण कार्यको भौतिक प्रगति

आयोजनाका अनुसार यस सडक विस्तारका दौरान कुल २८८ स्थानमा कल्भर्ट बनाउनु पर्ने छ । त्यसमध्ये अघिल्लो आवसम्म २२९ वटा बनिसकेका छन् । कुल २९ वटा साना-ठूला पुल निर्माण गर्नुपर्नेछ । अहिलेसम्म २४ वटा पुल निर्माण भएको देखिएको छ । साइड ड्रेनतर्फ कुल १००.८५ किलोमिटर निर्माणको लक्ष्य छ । गत आवसम्म ४९.९१ किलोमिटर साइड ड्रेन निर्माण भइसकेको आयोजनाले जनाएको छ । यस प्रकार असार मसान्तसम्म यो आयोजनाको भौतिक प्रगति ४५.४२ प्रतिशत पुगेको हो । गत आवमा मात्र २५.६१ प्रतिशत भौतिक प्रगति भएको देखिएको छ । यो सडक परियोजनाका लागि चालु आवलाई साढे ९ अर्ब बजेट छुट्याइएको छ । यो आयोजनालाई चालु आवमा समेत गति दिने तयारी छ । सोहीकारण सरकारले पनि ठूलो बजेट विनियोजन गरेको छ । तर ठेकेदारको चलाखी र सडक विभागका प्राविधिकको मिलोमतोका कारणले पनि समयमा काम हुन नसकेको स्थानीयले बताएका छन् ।

चालु आवमा आँबुखैरेनी-पोखरा खण्डको कालोपत्र र मुग्लिन-आँबुखैरेनी खण्डको विस्तारलाई ९ अर्ब ५७ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

यस वर्ष भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयले कुल १ खर्ब ५० अर्ब रूपैयाँको बजेट पाएकोमा साढे ९ अर्ब रूपैयाँ यो सडकले पाएको हो । जुन मन्त्रालयले पाएको बजेट हिस्साको साढे ६ प्रतिशत हाराहारी हो । बजेट भएरमात्र के गर्ने, कामको स्पिड नहुँदा नै समस्यामाथि समस्या थपिएको छ ।

एडीबीको ऋणभार छ, ब्याज लागिरहन्छ । नेपालीको काँधमा २४ खर्बभन्दा बढी ऋणभार पुगिसकेको छ तर ऋणको चिन्ता नहुँदा विकासमा पनि ढिलासुस्ती हुनेक्रम छ । प्राथमिकता प्राप्त अन्य आयोजनाहरूको स्थिति पनि यही प्रकारको निरासाजनक छ । चिनियाँमात्र होइन, अन्य ठेकेदारले पनि असहयोग गरेका छन् । (नेपाल आजको सहयोगसाथ)

# बांग्लादेशबाट सिकौं


सुरेशकुमार पाण्डे

अहिले ७६ वर्षीय शेख हसिनाको सरकार पतन भएपछि बंग्लादेशमा सबै उलटपुलट हुँदैछ ।

प्रम शेख हसिना भागेपछि राष्ट्रपति त्यहाँका राष्ट्रपतिले उन्को कटर प्रतिद्वन्दी मानिने ७८ वर्षीय बेगम खालिदा जियाको रिहाईको आदेश जारिगरेका छन् । उनलाई सरकारले जेलमा राखेको थियो ।

युवाको माग अनुसार राष्ट्रपति मुहम्मद शाहबुद्दिनले युनुसलाई अन्तरिम सरकारको प्रमुख नियुक्त गरेका छन् । ८४वर्षीय युनुस शान्ति सुरक्षा प्रवन्ध गर्दैछन् । बंग्लादेशमा उनले जब किसानहरूलाई बैंकले ऋण दिँदैनथ्यो त्योवेला माइक्रोफाइनान्सको अवधारण अगाडी सारे र किसानहरूलाई ऋणको सुबिधाका लागि सुरूगरेका थिए । उनैले १९८३ मा गरामिण बैंक स्थापना गराएका हुन । प्रधानमन्त्री शेख हसिना राजिनामा दिएर भारतमा निर्वासित जीवन बिताउन थालेकी छिन् ।

त्यहाँ बिगतमा झैँ फेरी सैनिक कु जस्तै अबस्था सिर्जित भएको थियो ।

सन् १९७१ मा पूर्वि पाकिस्तानबाट छुट्टिएर अस्तित्वमा आएको बांग्लादेशमा त्यो वेलाका स्वतन्त्रताको लागि शंघर्ष गरेकाहरूको आफन्तहरूलाई ३०% सरकारी नोकरीमा कोटाको व्यबस्था गरिएको छ । त्यहाँका विध्यार्थिहरूले त्यो आरक्षित कोटा शेख हसिना वा उनिहरूको पार्टीले आफ्ना आसेपासे र बफादारहरूलाई दिंदैआएका छन् भन्ने आरोप लगाउँदै आएकाछन् । त्यही बिवादित् कोटा सिस्टमको बिरूद्धमा चलेको आन्दोलनमा तिन सय जनाले ज्यान गुमाएको समाचार छ ।

सुरूमा यो प्रोटेस्ट सिविल सेवामा कोटाको खिलाफ बिरोध प्रदर्शन सुरू भयो । बिस्तारै आन्दोलन् सरकार बिरोधी रूप लिंदैगयो । त्यसपछि पीएमको राजिनामाको माग सुरू भयो । १६ जुलाइको प्रदर्शकारी र सरकारको बिचमा भयानक झड्प भयो । त्यसलाई देखेर जुलाई महिनाको २० गते सरकारले राष्ट्र व्यापी कर्फ्यू लगायो । देशभरी सैनालाई तैनात गरियो । त्यो बिवादित् कोटालाई संशोधन गर्ने भनियो । तरपनि प्रदर्शन रोकिएन । प्रदर्शनकारिहरूलाई व्यापक गिरफ्तार गरियो उनिहरूको नेट सेवा बन्द गरियो । त्यही दौरान यूएनको तर्फबाट बांग्लादेशको सरकारलाई आन्दोलनकारी माथि दमन नगर्न र सञ्चार चालु राख्न पत्र जारीगर्यो । त्यसपछि व्यापक आन्दोलन भयो । जनाक्रोश बढ्दै गएपछि उन्ले आफ्नो पदबाट राजिनामा दिएर समर्थक, परिवारसहित भारततिर फरार भएकी हुन ।

बास्तबमा शेखहसिनालाई भारतीय समर्थकको रूपमा पनि त्यहाँका जनताले हेर्दै आएका छन् । उनको भारत सँग भने राम्रो सम्वन्ध रहँदै आएको छ ।

उनि यूरोपमै बसिन जतिवेला उन्को बाबा र भाइहरूको हत्या हुने ताक पनि । बांग्लादेशको आजादी पछि सन् १९७५ मा सेनाले बगावत गर्यो र उन्का पिता मुजीबउर रहमान आमा र तिन भाई समेतको हत्या गरेका थिए ।

यूरोपबाट आएपछि उनी करिब ६ वर्ष जती भारतको दिल्लीमा बसिन । सन् १९८१ मा उनि आफ्नो देश बांग्लादेश पुगिन । सन् १९८६ को आम निर्वाचनमा हार भयो । तर उन्ले वर्ष १९९६ मा भारि बहुमत हासिल गरेर सरकारमा पुगिन् । २००१ मा फेरि हारिन् । २००९मा दोस्रो पटक देशको पीएम बनिन् र २०१४मा तेस्रो पल्ट २०१८ मा पनि उनले चुनाव जितेर पीएम बनिन् ।

सन् २०२४ मा उन्को पार्टी अवामी लीग र साझेदार दलहरूले ३०० मध्य २२३ सिटमा जीत हासिल गरेर उनि प्रधानमन्त्री भएकी हुन । बांग्लादेशको मुख्य विपक्ष दलले चुनावलाई स्वाङ भनेर बहिस्कार गरेको थियो ।

बंग्लादेश सुरू देखिनै बिवादित रहँदै आएको देखिन्छ । स्थापनाकाल पछि सन् १९७५ मै सैनिक कु भयो र त्यसपछि लामू समय सम्म त्यहाँका जनताले आन्दोलन गर्नुपर्यो ।बल्ल तल्ल सन् १९९० मा प्रजातन्त्रमा प्रवेश हुनसक्यो । हत्या र हिंशा अनि सैनिकहरूले कब्जा जमाउँदै आएको बंग्लादेशमा सेना हावी छ ।

भारतमा स्वतन्त्रताका लागि लामू शङ्घर्ष भयो । त्यही द्वौरान अंग्रेजहरूले भारतियहरूलाई धर्म र जातको रूपमा बिभाजन गरेर सत्ता चलाइ रहे ।तर पछि जब भारत सन् १९४७ मा आजाद भयो ठिक त्यहीवेला भारतबाट पाकिस्तान छुट्टियो ।त्यही रिसमा पूर्वी पाकिस्तानबाट सनं १९७१ मा भारतीय कांग्रेस आई कि नेता प्रधानमन्त्री इन्दिरा गान्धीकै रोहबरमा पूर्वी पाकिस्तानबाट बंग्लादेश बन्यो ।


यसरी जातीय राजनीतिले एउटा देशलाई तिन टुक्रामा बिभाजित बनाएको हो । तर पनि जातिय लडाइ अंझै सेलाएको छैन् । खास गरेर भारतको नजरमा छिमेकी देशहरू उस्का अधिनस्त हुनुपर्छ भन्ने छ । जस्तै श्रीलंका, भुटान, नेपाल र बंग्लादेश । पाकिस्तान त झन् उसले दुश्मन नै देख्छ ।

जहाँ पनि जस्को हातमा देशको लगाम पुग्यो त्यो बेकाबु हुनेरहेछ । बंग्लादेशकी प्रधानमन्त्री स्वायम एक प्रकारको तानाशाह भन्ने अभ्यासमा देश नै छाड्नु परेको यो तथ्यबाट यी नेताको पनि घैंटामा घाम लाग्नुपर्छ ।

अहिलेको बंग्लादेशको सरकारको हालातबाट छिमेकमा रहेका हामीहरूले केही ज्ञानप्राप्त गर्ने की ? अंझैपनि अज्ञानी बनेर कुम्भकर्णको निद्रामा सुतिरहने ? समयमै शिक्षा लिएर गणतन्त्रलाई जोगाउन र देशलाई बलियो बनाउन सबैको हातेमालो हुनैपर्छ । तर देशको नेतृत्व लायक र सक्षम हुनसकेको छैन । शेख हसिनाले सोंचेको जस्तै आफ्ना आसे पासे र गासेहरूकै हालिमोहाली गराउन खोज्ने हो भने यिनैको पनि दिन उस्तै न आउलान् भन्न सकिदैन् । होसियार ।

# ज्वालामुखीमाथि देश : पाठकीय टिप्पणी

ज्वालामुखीमाथि देश
लेखक--श्री राजन कार्की
---------------




ममता मृदुल बाट २०७८/१२/२४मा यो पुस्तक प्राप्त भयो । मन प्रशन्न भयो, धन्यवाद छोरी ममता ।

बर्तमान नेपालको राजनैतिक परिदृश्यलाई,यथार्थ र बास्तविकताको कठघरामा उभिएर, कुनै प्रकारको आग्रह पुर्बाग्रह नराखि लेखिएको यो पुस्तक निकै पठनिय,मननिय लाग्यो । सो पुरै पुस्तकको गर्त भित्र छिरेर अन्तरकुन्तर पर्गेल्न त म के सकुलार,तथापि, यश पुस्तक भित्रको एउटा बिषय जसले मलाई छोयो र सारा नेपालीलाई छुनुपर्छ भन्ने लागि, सो बिषयमा एक दुई शब्द लेख्ने जमर्को गरें ।

आज सारा नेपाली जनमानसमा खडा भएको असंतुष्टीको पाहाडलाई, दृष्टान्त, उदाहरण, अनुभुती र बिम्बहरूको प्रयोग गरि सबै सजग पाठक समक्ष पुर्याउनु नै यो पुस्तकको बिशेषता हो । नेपाली सार्बभौमिकताको रक्षा गर्दै,स्वाभिमानमा देश बाँचोस भन्ने बिध्वान लेखकको आषय यो पुस्तक बाट स्पष्ट बुझिन्छ ।

राम्रो लाग्यो ,यो पुस्तकको अन्तातिर समेटिएको एक बिषय। जसमा मैले आँखा लगाएँ र याहाँ लेख्ने जमर्को गरें।

(अवश्य यो बिषय एक पल्ट पढि दिनु होला ।)

--------------------

यश लेखोट भित्र प्रसस्तै श्रीखण्डका टुक्राहरू छन्, चिन्न र सुगन्ध लिन सक्नु अबस्य पर्नेछ ।

बिषय--"अब्दुलकलामको हरेराम हरेकृष्ण भजन"

-----------------------------

(पुस्तकबाट जस्ताको तस्तै)

आखिरमा ज्ञान र बिज्ञानको अजस्र श्रोत रहेछ संस्कृत दर्शन,हिन्दु धर्मग्रन्थहरू।बिज्ञानको बिकास गरेर चन्द्रमा पुगेका बिश्वशक्तिहरू हिन्दुधर्मग्रन्थ पल्टाउन थालेका छन्।हिन्दुधर्मको केन्द्र नेपालमा इसाईकरणको बिस्तार भईरहेको छ । यो भन्दा ठूलो दुर्भाग्य के हुन सक्छ ?

संस्कृत दर्शन र धर्मका विशेष अध्येता हुन म्याक्स मुलर।जर्मनमा जन्मेर बेलायतमा पढेका दुबैदेशका नागरिक बनेका अनुसन्धाता म्याक्स मुलरले लेखेका छन्--"हिन्दुहरूको षड्दर्शन (महर्षि कपिलको सांख्या दर्शन, ऋषि पतन्जलिको योग दर्शन, महर्षि जैमिनीको मीमांसा दर्शन, महर्षि ब्यासको बेदान्त दर्शन, महर्षि कर्णदको बैशेषिक दर्शन र महर्षि गौतमको न्याय दर्शन) लाई सबैभन्दा पुरानो र आधुनिक युगको उत्तम दर्शन मानिन्छ । यी सबैदर्शनको उत्पति क्षेत्र हिमवतखण्डमा पर्ने हामै नेपाल हो ।'

स्मरणीय छ, एटम बमका निर्माता अमेरिकी बैज्ञानिक जुलियस आर ओपन हेमर भागवत गीताका बिद्यार्थी थिए।गीता पढेर उनले उहिले भनेका थिए आधुनिक बिज्ञानमा हामीले जेजति उपलब्धि हाँसिल गर्छौं ती सबै हिन्दुहरूको प्रातचिन बेद हो। बेदको आधार हो ।

१९९८मा न्यूक्लियर बमको परिक्षण गर्दा भारतमा बिश्वका बैज्ञानिकहरू उपस्थित थिए र गीता माहान ग्रन्थ हो, यो दर्शनमात्र होईन, मानवमा हुनुपर्ने नैतिकता सिक्ने माहासागर हो ।

संस्कृतका पश्चिमा बिद्वानहरू भागवत गीतालाई एउटा बम मान्छन् गीता नैतिकता निर्माण र निर्वाण हो बिध्यांशको ज्ञान पनि गीता नै हो ।

भारतका पुर्ब राष्ट्रपति तथा यरोस्पेश बैज्ञानिक एपिजे अब्दुल कलाम लाइटिङ्गस माइन्डस मा बैज्ञानिक अल्बर्ट आईन्टाईनको भनाई उधृत गरेका छन्- 'हामी वैदिक दर्शन बेद र हिन्दुहरू प्रति अत्यन्त आभारी छौं, किन भने उनिहरू हामीलाई गणित बिद्या दिदैनथे भने बिश्वमा कुनैपनि आबिस्कार कदापि संभव थिएन ।' मुस्लिम अब्दुल कलामले प्राण त्याग्नु अघि सम्मपनि हरेराम हरेकृष्णको भजन गाएका थिए ।

यहि तथ्यमा टेकेर सन २०११मा चीनका त्कालिन राष्टपति हु जिन्ताओले १९७७देखि देङ सियावो पिङ्गो खुला आर्थिक नीतिबाट भित्रिएको बिकृति न्यूनिकरण गर्न चिनियाँ कम्युनिस्ट पार्टीको नीतिनै पारित गराएर- 'चीनको संस्कृतिमा चीनकै पकड' नीति लागू गराए। यहि नीतिले आज चीन आर्थिक र सामरिक विश्व शक्ति बन्यो ।

नेपाल अर्काको संस्कृति भिरेर भिरङगी सल्काई रहेछ ।

..अरू धेरै छ।किताबका पंक्तिहरू यत्ति ।

बिद्वान लेखक बिश्लेशकका उपरोक्त पंक्तिहरू पढि सके पछि।एक पल्ट गम्भीर भएर सोच्न करै लाग्छ। आज हाम्रो देशका, समाजका गहन जिम्मेवारी बहन गर्नेहरू ,युवा पुस्ताहरू कुन परिपाटी र मार्ग समाहि रहेका छन्।कस्तुरिले आफ्नै सुगन्ध थाहा नपाएर जंगलमा कुदिरहे झैँ ,हामी दिग्भ्रमित त भएका छैनौ ?

किन हामिले हाम्र माहान पुर्खाहरूलाइ चिन्न सकिरहेका छैनै ? किन हामीले आफ्नै देशको हावापानी ढुङ्गा माटो नचिनेर हावाको बेलुन बनी रहेका छौं ? हाम्र देशका शासकहरू बिद्वान बर्गहरू, जान्ने बुझ्नेहरूले आफ्नै राष्ट्रनिर्मातालाई घृणा गर्न र जर्मन रूस र चाईना तिरका लाई पुजागर्न सिकाउदै छन् । आज हामी गाई खेदेर गधा पोस्ने संस्कार तिर लागि रहेको अबस्थामा लेखकको उपरोक्त लेख बाट अबस्यनै सचेत गराएको छ।

एक कट्टर मुसलमानी समुदाएमा जन्मेर विशाल लोकतान्त्रिक देशको राष्टपति सम्म पुगेका माहान बिचारक दार्शनिक, बैज्ञानिकले के देखेर के बुझझेर हरेराम हरेकृष्ण भन्दै देह त्याग गरे ,कति सोचनिय बिषय छ ।

अन्तमा आज हामिले समातेको डोरीले हामीलाई सहजै पलायन्ताको विशाल गर्तमा न खसाउला र ? सिकारू छु, गल्तीमा क्षमा चाहन्छु । धन्यवाद

सृजनानगर भक्तपुर

**निलो आकाशलाई छातिभरि थामेर यो धर्तीमा टेक्नुपो टेक्नु**
**कण र गणका सुकेका आँत रसाउने उपाय देख्नु पो देख्नु**
**स्वार्थमात्रै छ्यामछुम गर्ने अन्धाहरू नारामा उडेर के हुन्छ र ?**
**विवेक पहाड बनेर दैत्य रूपका अविवेकलाई छेक्नु पो छेक्नु ।**

# देश हरायो भन्दै समाजसुधार संस्था



देशमा अहिले सह हराएको छ ! हामी देश र जनताको अवस्थामा सुधार (सेवा) गर्न सत्तामा नै जानु पर्छ भन्ने आवश्यकता देख्दैनौं । खबरदारी गरिरहेका छौं ।

राजसंस्था कमजोर हुनासाथ कसरी देश लथालिङ्ग हुनेरहेछ भन्दै राष्ट्रिय समाज सुधार संस्थाले ०४६ सालदेखि नै संचेतना छर्ने काम गर्दै आएको छ । यो संस्थाले संस्थापक मञ्जुर वर्ल्डको ३५औं स्मृति दिवस पनि मनाएको छ ।

यो संस्थाले पोखरामा मध्यमाञ्चल स्तरीय क्षेत्रीय अभियन्ताहरूको भेला राख्ने र ०४७ सालको संविधानको पुनर्स्थापनाको माग गर्ने भएको छ । श्रीराम सुवेदी, माया पाण्डे, निरा रंजित, शंकर मघैया, माता अम्बिका नेपाल, विष्णु सिंह डंगोलहरुले नेताहरु नसुध्रिने हो भने बंगलादेशको जस्तो नियति हुने बताएका छन् ।

**Rotary Club of Bhaktapur First Lady President Ms. Krishneswori Hada**
**(Utkrishta Mahila (Best Woman) Award Receiver in 2078 from District Coordination Committee)**

# My Sorcery Recapitulation and Observation





**Rtn.Uttam Karmacharya**
**(Charter VP 2003-4 and PP 2005-6)**
**Rotary Club of Bhaktapur**



The Rotary clubs of Nepal Rotarians must be aware through several articles published in RC Bhaktapur Souvenir written by Charter members Rtn. Sundar Pratap Rana ( Dictionary of RC Bhaktapur and myself ). RC Bhaktapur was chartered with 19 male members without lady member. Rtn . Sundar Pratap Rana was heavily involved in RC Bhaktapur from the very beginning. He did a wonderful job of Secretary General during my presidential period working with the Vice-president Rtn Neel Tamrakar. He is very knowledgeable and actively involved to date regularly. So I wish to call him Dictionary of RC Bhaktapur.

Suddenly, we felt the need of new lady members in cource of passes of time and visitation in other Rotary clubs . Then I requested Ms. Krishneswori Hada to join RC Bhaktapur as a first lady member. As I know her several decades back as an outstanding social activist and worker for the promotion of the status of women and underprivileged social societies.

On my request, she was kind enough to become an RC Bhaktapur first lady member in 2005-6. As I know her several years ago, she was not only a social activist but also in the pipeline to became Dy Mayor of Bhaktapur Municipality during my nomination as a chairman of civil society of Bhaktapur District nominated by the late Bhaktapur District Chairman Surendra Pratap Shah at latter period of Panchyat System/before the implementation of the Multi-party system. It could not happened because of political instability. As a result my nomination for the mayor position also could not materialized. Because of these contexts, we became very closer and closer in social activities in different walks of life in NGOs and INGOs.

After joining RC Bhaktapur, she got involvement in different Rotary clubs activities promoted to different Rotary position as a Director, Vice President, President nominee and Incoming president getting promotion one after another positions every year. Then she became the First Lady President of RC Bhaktapur in 2011-12. We must congratulation her for her speedy promotion and painstaking efforts she has taken for the promotion of RC BHAKTAPUR.

As I discussed with Charter member and Past President Rtn. Sundar Pratap Rana, from this year we are starting to publish the Rotary profile of the RC Bhaktapur Rotarians every year with special reference to their efforts and contributions. This one is my first article to materialize our discussion for this year when we two were attending Muglan Hotel in the morning instead of 04 Pm to attend 5th club assembly amid AG Rtn. Tula Bdr.Kandel.

Remarkable short life profile

KRISHNESWORI HADA was born at Khauma Tole, Ward No. 3, Bhaktapur Municipality, Bhaktapur, Nepal . She did her Bachelor in Arts (BA) She was raised in Khopaa si Kabhre when her father was working in Khopaasi hydro project for long time

As she was so motivated for working in social organization she became Bhaktapur Lady Jaycees Treasure in 1993 & 1994, and became President in 1995 and Nepal Jaycees Women Coordinator in 1997.

She became Coordinator of Global Nepal Child Labour in March, 1998.

She was furtunale to became Nepal Jaycees Vice President in !999.

She was fortunate to became Joint Secretary of Nepal Red Cross Bhaktapur from 1996-1998 ,Board Member of Nepal Red Cross Society Bhaktapur, Women Committee Chairperson

In B.S. 2075-78 she was elected as Vice President of Nepal Red Cross Society Bhaktapur and in B.S.2079 she was Act President of Nepal Red Cross Society Bhaktapur

She was lucky enough to became Lekha Committee Chairperson of Nepal Red Cross Society Headquarter in B.S. 2068-2069 .

Ms. Krishna Sister was Board Member of UCEP Nepal in B.S. 2070-2074 and Treasure of UCEP Nepal

As socially she was very active and socially recognized she was nominated Secretary of Indrayani Temple Reconstruction Committee Bhaktapur Khauma .

B.S. 2065-2074 – Chairperson of District Child Welfare Committee (Jilla Bal Kalyan Committee) During this period, 157 child labors were rescued from Thimi, Bode Embroidery.

She also acted as a Joint Treasure in OCISAC Nepal ,Advisor of Voice for Equal Opportunity (VEO) Bhaktapur, Member of Heart Foundation Bhaktapur and Charter President in Lions Club of Bhaktapur, Bhadgau in 2012 . She was Zonal Chairperson of Lions District 325A2 in 2014. She also worked as a Board Member Community Based Schools Committees.

Awards

- o Utkrishta Mahila (Best Woman) 2078 Bhaktapur from District Coordination Committee
- o B.S. 2079 – Best Child Coordinator (Kendriya Balkalyan)
- o B.S. 2080 – Best Lady Award
- o B.S. 2075 – Rashtriya Naari Award (Yekata Samaj)

Training

- · TOT – 1996 (Nepal Jaycees)
- · Prime – 1997 (Nepal Jaycees)
- · Human Rights (ToT) Amenests Nepal
- · Disaster Management (ToT) Nepal Red Cross
- · Gender ToT (Sathi Sanstha)
- · Child Rights TOT (Hatemalo Sanchar)
- · Master and Cenemory
- · Meeting Procedure
- · Effective Public Speaking

During 1997, she conducted different trainings in different parts of Nepal, Pakistan, India, Bangladesh.

Travel: India, Indonesia, Pakistan, Bangladesh, Singapore Travel: India, Indonesia, Pakistan, Bangladesh, Singapore

Bright Rotary Image

I am very happy to note that Madam Krishneshwari Hada became Member of Rotary Club of Bhaktapur in 2005 on my request as ther was no lady member up to 2005 in the Rotary club of Bhaktapur. Because of her active participation and pains talking efforts for the promotion of The RC Bhaktapur – first President of Rotary Club of Bhaktapur in 2011-12 . As she was very active and popular in the RI Rotary District she was fortunate enough to became Asst. Governor of District 3292 in 2016-17 and led several Rotary clubs of Nepal . To me her road to became RI District Governor is Very Bright . We wish to express my heartfelt Congratulation in advance on behalf of the Rotary Club of Bhaktapur .




# Smash And Grab

*By Sunanda Datta Ray*

**CHAPTER 13 Death Warrant**

The demonstrations that followed increasingly took on a sadly despairing quality. Sober men who had all their lives staked existence itself on propriety cast off their sustaining creed to mouth slogans outside Mintokgang. Jigdal Densapa, always so correct and courtly, flailing a loose fist in drizzling r&in, Chandra Das Rai, back with gusto in the political maelstrom from which he had escaped years earlier. They were all there: Pradhans, Sharmas, Tserings, Thapas, Tamangs, Lamas, Dahduls, Tashis, Gurungs, and Chhetris, names that mirrored the multi-ethnic quilt of Sikkim's variety, transcending the narrower definition of Lho-mon-Tsong-sum in their pathetic determination not to be extinguished; thousands of men and women loyally rallying to the defence, aware of being doomed. Only the "notorious Tikka Topden" was absent. Das had astutely assessed the deputy secretary's capacity for organization, as well as his taste for metropolitan pleasures, and had flattered him into working for the State Trading Corporation of Sikkim in Calcutta. A well-appointed office, a spacious flat, cars with distinctive yellow number plates, and a quasi-diplomatic status were expected to keep him happy. But politics was Karma Topden's life's breath. In addition to buying and selling, he also busied himself in circulating the durbar's state menis, organizing protest letters to Indian newspapers, and preaching unity to Sikkimese students.

Whenever the Chogyal passed through Dum Dum, the STC representative was there with a band of loyal followers to receive and see him on" with ceremony. A reporter once remarked on the fine silk of his khada. "It's Indian", retorted Karma Topden. " Everything comes to us readymade from India these days, even constitutions."

New Delhi's purpose drove some Sikkimese to extreme demands. The Prajatantra Party called for untrammeled democracy, special protection for Bhutiya-Lepchas, a sovereign monarchy, and the right to conclude treaties with other countries. The People's Committee demanded the recall of Das and the CRP, expunction from the records of the 11 May and 20 June resolutions, and the assembly's dissolution. It accused members of "conniving with the dictator's administration and the PO against the wishes of the people and of passing resolutions which were against the interests of the Sikkimese people and their very existence." Poudyal and Subeidi went a step further to begin a protest fast against the bill. Nine men—three Bhutiyas, four Nepalese, and two Lepchas—began the vigil under a canvas awning just outside the assembly gates; eventually only Poudyal remained. "We are fighting for democracy. We want justice. Keeping the most important departments in Indian bands does not make for responsible government", he told me, adding that it was unfair for Sikkim's constitution to be rushed through in five days when India's had taken nearly three years. Poudyal wanted a committee of Indian and Sikkimese constitutional lawyers to spend at least two years on the draft. Nor would he be fobbed off with a puppet parliament. "The chief minister will be just like the leader of any Indian state under this bill. We were promised a prime minister and told that Sikkim would be linked to India only by the treaty. We are a separate country and our identity must be respected."

But the Press Trust of India announced that Poudyal and Subeidi objected to the Chogyal being given "any role in the constitution." The agency had earlier dismissed crippling strikes and countrywide demonstrations as the handiwork of only a few "pro-palace elements." Its bias was so resoundingly echoed in most Indian newspapers that Le Maude's Patrice de Beer, cooling his heels in Calcutta after being refused permission to visit Gangtok, reported that all the news about Sikkim bore New Delhi's imprimatur. "With its extensive control of communications with Sikkim, New Delhi has been able to monopolize the flow of news and views from here," wrote Cheng Huan in the Far Eastern Economic Review. "Sikkim's lips are, in effect, Indian sealed." Mrs. Gandhi was not so far out when she later claimed that Indians had to look to the foreign media for the truth. Her contempt for domestic purveyours of news was amply justified. Jigdal Densapa wryly acknowledged this subservience when he concluded a New Delhi press statement by quoting: " 'Take your pen Matucouvic' said Talleyrand to the Russian Pole who wrote all his dispatches. 'You know all the neutral words.' " But the press was far from neutral; dancing to the government's tune, it was belligerently hostile.

The world was beginning to wonder what exactly was happening; so, to lend credence to New Delhi's professions, Kazi was persuaded "to creep out of hiding once the numbing shock of the anti-bill agitation had worn off a little. Kazi obligingly told a Gangtok rally on 26 June that "the Chogyal is not a fit and proper person to remain even as a constitutional head" and assured listeners that the Sikkim Congress had made eight important changes in Raja-gopaul's draft. "We now find that this is not so", complained Uprety when he discovered that the 20 June resolutions had no legal force. He also expressed dismay and surprise at the new forms of association with India that had been foisted on gullible legislators: "The assembly members were never given a chance to discuss the resolution-drafted by an Indian officer-whose legal; terminology is not easily understood in Sikkim. It was read out once in English, which 80 per cent of the members do not understand, and then passed by a show of bands. Protesting against this haste, the method of ensuring passage and the contents of the draft, six assembly members refused to sign the resolution."

For being so outspoken, Uprety was deprived of his Sikkim government scholarship to study in a Calcutta college.

The Chogyal received copies of the 20 June proceedings on 22 June with Das's assurance that the assembly had not made a valid request to be represented in India's parliament and could not do so until the bill had become law and the Chogyal had agreed to the application But this attempt at setting out the correct legal position was contradicted the very next day when the PO wrote:

As you are aware, the members of the Sikkim assembly have taken the strongest exception to the efforts made by certain elements, including some officials, to prevent the session to which they had been summoned on June 20. They have emphatically reiterated their decision that the proposed constitutional frame-work endorsed by the assembly and its accompanying resolution should be given effect to forthwith. They have sought the government of India's intervention to this end. contd....

# अभिलेख विहीन खुला सिमाना

पञ्चायत कालमा चूपचाप बसेको भारत २०४६ को राजनीतिक परिवर्तन पछि यस्ता काममा लागिपरेको छ। स्थानीय निर्वाचनमा उम्मेदवार हुन नागरिकताको जरूरत नपर्ने तथा इण्डियनले पनि उम्मेदवारी दिन पाउने प्रावधान सहित २०५४ भदौ ६ मा अध्यादेश जारी गराएकोछ नेकाँले। आज नागरिकताको समस्या धर्मनिरपेक्ष राज्यको समस्या जस्तै अप्ठ्यारोमा छ। नेपालीले नेपाली गौरव, राष्ट्रियता, राष्ट्रिय अखण्डताका लागि यो ऐनलाई प्रतिकूल ठान्छन्। जनतालाई दलबाट दबाइन्छ।

यसैबीच अकल्पनीय दरबार हत्याकाण्ड हुन्छ। भारतले भूमिगत गुरिल्ला युद्ध लडिरहेको माओवादी भनिनेलाई आतङ्कवादी घोषित गर्छ, रेडकर्नर नोटिस जारी गर्छ, टाउकाको मूल्य तोक्छ। अनि फेरि माओवादीलाई उकास्न सघाउँछ, तिनलाई राजसंस्थाविरूद्ध खडा गराउँछ।१२ बूँदे दिल्ली सम्झौता हुन्छ। त्यसले सात दलको गठबन्धनलाई डोऱ्याई रहेको नेकाँको बुइ चढाएर भूमिगत माओबादीलाई धरातलमा उतार्छ। अवैधबाट वैध बनाउँछ। दुबै पक्षको बल मिलाएर हिन्दुअधिराज्य विरूद्ध लड्न पठाउँछ। माओवादीले नेपाली काँग्रेसको ढाडमा चढेर राजाको टाउकोमा हान्ने र सत्ता कब्जा गर्ने रणनीति तय गर्दछ। त्यही शक्तिले पहिलोकाम नागरिकता ऐन बनाउँछ। यी सबै कुरा नेपालीका चाहना भित्रका छन्। दलहरू भारतको बलमा कोठामा थुनेका बाघ जस्तै भएका छन्, अब यिनलाई छाड्ने कि थुन्ने नेपाली जनताले निधो गर्नँपर्छ।

जनताले यो ऐनलाई जनमतको अपहेलना ठानेका छन्। प्रजातान्त्रिक अभ्यासलाई उपहास गरेको मान्दछन्। नेपालको प्रजातन्त्र भनेको भारतको निर्देशन तामेल गर्ने काम रहेछ भनेर बुझेका छन्। यो ऐन पारित गर्न भारतले तोकेको गृहमन्त्री नियुक्त गरिएको थियो।

नेपाली जनताले यस्ता कामलाई राष्ट्र घातक, देशद्रोही र मातृभूमि माथिको बलात्कार ठानेका छन्। यो ऐन बनाउन सहमत जनाउने सबै सांसदलाई नेपालका अराष्ट्रियतत्व मानेका छन्। दल दलाल भए पछि देशको गौरव, स्वाभिमान र सच्चा इतिहास प्रभावित हुन्छ। सार्वभौम गुम्दछ। स्वतन्त्रता समाप्त हुन्छ। सरकार कठपुतली हुन्छ। यसको नमुना उदाहरण गृहमन्त्री सिटौला र गच्छेदारलाई लिन सकिन्छ, जस्को उल्लेख माथि भैसकेकोछ। यदि नागरिकता नदिने खालको कारवाही अगाडि बढायो भने भारतले पनि जवाफी कारवाही गर्न पछि हट्ने छैनटद्द भन्नेजस्ता धम्की लामो समयदेखि दिँदै आएको छ। भारतलाई स्वामी मान्ने र उसकै आशीर्वादबाट शासन गर्न चाहने नेपालका दलका कुनै पनि नेताले नेपाल देश सुरक्षित राख्छन् भनेर विश्वास गर्ने ठाउँ छैन।

नेपालको नागरिकता भारतबाट सृजित र नक्कली समस्या हो। विवाह गरेर भारत जाने नेपाली चेली र विवाह गरेर नेपाल आउने भारतीय चेलीको कारणबाट सृजिएको यो कुरा दुईदेश बीच समानताको समझदारी भएमात्र स्वत: समाधान हुन्छ। नेपाल सरकारको प्रशासनिक अस्तव्यस्तता (स्पष्ट अभिलेख सम्म नहुनु) हुनु; राजनीतिक तरलता बनाई राख्नु; दिगो मूलनीति नबनाउनु र दलका नेतामा भारतले भनेको कुरा देववाणी मान्ने मनोदशा हुनु नै समस्याका मूल कारण हुन्। समस्या समाधान गर्न यो ऐनमा नयाँ आधार वर्ष तोक्नै हुँदैनथ्यो। यसले समस्या थपिदिएको छ। २०४७ को संविधान र २०२० को नागरिकता ऐनलाई निरन्तरता दिएर नै समाधान गर्न सकिने सरल उपाय अवलम्बन नगरी समस्या अझ जटिल बनाउने नियोजित प्रयास गरिएको छ।

'भारतीय-मूल' भन्ने षडयन्त्रात्मक नारा र आदेश शिरोपर गर्ने दल र सांसदको प्रवृत्ति नै बिषाक्त छ। नयाँ आधार वर्ष तोक्नुको आशय नागरिकता दिन छुटेकालाई दिनको लागि होइन, यो त भारतीयहरूलाई नागरिकता दिने कुटिल चाल हो। यसले आशंका र कटुता बढाएको छ।

खुला सीमा र अभिलेख विहीन नेपाली कुप्रशासन अवस्थाको फाइदा लिएर भारतीयलाई पछिल्लो ढोकाबाट छिराउने चलाखी चाल मात्र हो। यो षडयन्त्रले नाई, सिकर्मी, डकर्मी, फलफूल, पान, तरकारी बेच्ने, प्लम्बर, इलेक्ट्रिसियन आदि जो नेपालमा सिजनल काम गर्ने गर्दथे तिनलाई नागरिकता दिन पनि हो। यस्ताको संख्या बि.सं. २०६० सालमा १३ लाख ३६ हजार थियो। तिनीहरूले त्यस वर्ष ३ अर्व ७० करोड रकम नेपालबाट भारत लगे टद्ध। आज त्यो संख्या र रकम ६.७ गुनाले बढेको छ।

दलनै दलाल भएपछि देश दलदलमा फँस्छ। नेकाँ गान्धीवाद नबुझेको र नेहरूडक्ट्राइनमा अभ्यस्त भएको दल हो। बीपी नेहरूडक्ट्राइनभक्त हुन् भने गिरिजा अन्धभक्त हुन्। भारतले सुजातालाई अन्धभक्त उत्तराधिकारी बनाउने प्रयत्न गरेको हो तर उनको क्षमतामा प्रश्न उठे पछि सिटौलालाई चयन गरेको हो। नागरिकता ऐन पारित गराउन यिनीहरूको भूमिका रहेका छ। मुसलमान र इशाई मुलुकमा यस्तो खाले दलाली गर्नेहरूको प्राय: ज्यान सजाय हुन्छ, तर हिन्दु र बौद्ध समाजमा त्यसखाले घटना हुँदैनन्। एमाले महाकाली सन्धि पछि भारतलाई गुरू/नेता मान्न थालेको हो भने माओवादी भारतकै लालनपालनमा हुर्केको दल हो। मधेशवादी दलहरू विचार र सिद्धान्तप्रधान नभै प्रलोभन र उक्साहटमा जन्मेका क्षणिक सोचका दल हुन्। केही साना दल मात्र राष्ट्रिय सोचका छन्, जो जनसमक्ष जान सक्तैनन्।


नेकाँको सरकारले कोशी र गण्डकी बेचेपछि, टनकपुरलाई 'सन्धि' होइन 'समझदारी' हो भनेर ढाँटेपछि श्रम ऐन संशोधन गरेर इण्डियनलाई नेपालका सबै सेवामा काम गर्न पाउने गरायो। अनि नेपाल नागरिकता ऐन २०६३ पारित गरायो। उक्त तीनवटै विषयमा सर्वोच्च अदालतले असम्बैधानिक ठहर गरेको छ। एउटै दलको एउटै प्रधानमन्त्रीले गरेका यी काममा पहिलोमा राष्ट्रलाई ढाँटेको, दोश्रोमा मुलुकका श्रोततसाधनहरू भारतीय आधिपत्य हुने गराएको र तेश्रामा देशमा विदेशी नागरिक थपेर नेपालीलाई अल्पमतमा पार्न खोजेको अभियोग छ।


डा. शास्त्रदत्त पन्त

यी कुरा राष्ट्रघाती र अराष्ट्रिय पनि हुन्। उक्त अनैतिक कार्य गर्दा पनि न त उनलाई कुनै सरकारी निकायले कारवाही गऱ्यो न त उनको दलले गऱ्यो। यो अति रहस्यमय र आश्चर्यको कुरा छ। यसरी प्रजातन्त्र र प्रजातान्त्रिक अभ्यासको हत्या हुदा पनि कोही केही बोलेन। यदि पश्चिमा प्रजातान्त्रिक मुलुकमा यस्तो भएको भए दलले आजीवन निष्कासन गरेको हुने थियो भने राज्यले शयौबर्ष जेलमा राखेको हुने थियो।

उक्त घटनाले गर्दा नेपाली दलका नेता बन्न भारतको चाकडीलाई अनिवार्य ठान्न थालिएकोछ, सरकार बदलिने बित्तिकै दाम राख्न दिल्ली जाने गरिएको छ, मानौं त्यो गभर्नर जनरलले वेलायती राजालाई सम्मान गरेको छ। विसं २०७० साल असार २५ गते भारतका परराष्ट्र मन्त्रीको नेपालको भ्रमणमा नेकाँ, एमाले र माओवादीका नेता पूर्व प्र.म.हरूको होटल द्वारिकामा, राष्ट्रिय मर्यादाविपरीत, गएर गरेको चाकरी भेटघाटले पनि यो पुष्टि हुन्छ। राष्ट्रियताको नक्कली नारा लगाउने एमाओवादीका नेता त सिंगापुरबाट समेत हुर्तुरिएर आए, लामलागेर सास्टाङ्ग दण्डबत गरे। नेपालको बौद्धिक जगतले आश्चर्य प्रकट गरेपछि लाजमानेका भारतका प्रर‌राष्ट्रमन्त्री सलमान खुर्दिसले -'नेपालका नेतालाई आफूले नबोलाएको उनीहरू आफै आएको' भन्नु पऱ्यो। यसको प्रतिबिम्व रविन्द्र मिश्रले झलनाथ खनालसंग लिएको बीबीसी अन्तर्वार्ता र रघुजी पन्तले अन्नपूर्ण पोष्टमा लेखेको लेखनै पर्याप्त छ। नागरिकता ऐनलाई चलखेल गरेर भारतले थप गरेका रणनीति हुन जो स्वत: स्पष्ट छन्।

# देश लुटाहाहरूले सिध्याए


बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

माननीय देख्यो कि अनुहार देख्दैमा पुर्पुरो तातेर आउँछ। घाटमा मान्छे पोल्न तयारी गर्न दाउरा काट्ने बञ्चरोले खप्परमा हान्न मनलाग्छ।

के गर्ने हान्न मिलेन। त्यसो गर्नु हुँदैन रे ! उसले जति गरे पनि सहनु पर्ने अरे स्याललाई। खै माननीय भन्नु पर्ने अरे। भोट हाल्ने हामी, माननीय ऊ ? उसले हामीलाई बनाईदिएको हो कि हामीले उसलाई बनाईदिएको हो हँ ? हामीले त हाम्रै लागि केही राम्रै काम गर्ला, देशको नाउँ उँचो बनाउँला भनेर पो चुनाउमा भोट हालेको त। भोट हालेर जिताउने माननीय हो कि जित्नेचाहिं माननीय ?

जनतामाथि सधैं पीडा, शोषण मात्रै हुने। शक्तिको वरिपरि घुमेर मनलाग्दी गर्नेचाहिं माननवीय काम गर्ने कालु मकै खाने भालु भन्या यही होला, यो कलियुगमा। नेपालमा।

राजधानीमा जन्मिएकी हजुर आमाले निरन्तर सत्य बोल्नु भो। त्यहाँ असत्यको जीत भयो अनि हजुरआमा विरक्तिएर बसाई सर्न वाध्य हुनु भो। सत्य बोल्दा बोल्दै तीन बीस काट्न नपाउँदै आफैले भनेको समयमा देह त्याग गर्नु भो।

सत्य बोल्नुपर्छ, झुठ बोल्नु हुँदैन भनेर क ख पढ्दादेखि नै बाले सिकाउनु भो। सत्यवादी भएर बा चार बीसको उमेरमा हिँडिरहनु भएको छ। घर पहिलो पाठशाला भन्दै सिकाउने गुरूहरू अहिले कता छन्। पाठशालामा पढाएको कुरालाई व्यवहारमा उतार्न कि नउतार्ने त ? चालिस वर्ष सरकारी अड्डामा जागिर खाँदा बा सँधै गोर्खाली राजा पृथ्वीनारायणको उक्तिको विचारमा हिड्नु भो। 'घुस लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन्' भन्ने उक्तिलाई सँधै विहान गायत्री मन्त्र जपे जस्तै गर्नु भो। अनि आफ्ना भावी सन्ततीलाई पनि त्यही कण्ठस्थ गराउनु भो।

भिमदेव प्राविका हेड मास्टर भवनाथले विद्यालयमा किन सत्य बोल्न सिकाएका थिए ? पढ्नु अनि असल मान्छे बन्नु भनेर किन रटाएका। सत्य बोल्दा दोष माथि दोष थोपरिने शिक्षा के का लागि दिएका। यस्ता सत्यवादी मास्टरलाई के गर्नु खै ?

यी कस्ता माष्टर ? कम्तिमा ती मास्टरले पढ्नु हुन्न। झुठ बोल्नु पर्छ। सत्य त ज्यान जाला भन्नु हुन्न, बोल्नु पनि हुन्न भनेर सिकाउनु पर्दैन ? पढ्न नसिकाएको भए, सत्य बोल्न नसिकाएको भए अहिले तीनका अनुहार देख्ने विक्तिकै 'प्रेसर हाई' त हुँदैनथ्यो। मलेसिया दुवई वा कतार गएर तीनका किड्नी फेर्न, रगत फेर्न, चिल्ला गाडी चढ्न, मान्छे बेच्न, धन्दा चलाउन अनि तिनका सात पुस्ताका ढिकुराका पुजारीको स्याहारका लागि रेमिट्यान्स पठाउँथे होला नि ?

सही, सत्य बचनका लागि पहिलो पाठशालादेखि लिएको ज्ञान कलियुगको यो भष्मासुरहरूले बनाएको नीतिमा किन अट्थ्यो र ! यहाँ मान्छेलाई पशु जस्तै गरी बेच्नेहरूको दिन चलिरहेको छ। जनताको प्रतिनिधि बन्छु भनेर जनतालाई धोका दिँदै आमा बेच्नेहरूको लाईन छ। त्यो पातकी लाइनमा सत्य कसरी टिक्ला र ?

छि: आफ्नै छोराछोरीलाई अर्कैको बनाएर बेच्न तत्पर हुन्छ। अझ लाज सरम पचेको छ। छाती फुलाएर हिँडिरहेको छ। स्याल त्यो अनुहारलाई लाईन बसेर दश औलाले नमस्कार गरेर जेलमा स्वागत गरिरहेका छन् , हनुमानहरू। हुन त स्वार्थी, देश भँटुवा, जनता बेचुवासँग के आदर्शको कुरा गर्नु। टेलिइँटको आँगनमा तोते बोल्दै सत्य सत्य भन्ने सिकेको, भवनाथ मास्टरले सत्य बोल्नु भनेको अनि भवानी विक्रम राणासम्मले सत्य बाहेक अरू केही गर्नु हुन्न भन्ने सिकाएको बबुरोलाई असत्य गर्न र भन्न त आउँदै आउँदैन।

साह्रै कुरूप मनोबृद्धि भएका स्यालहरूसँग कुनै सम्वन्ध जोड्नु आवश्यक छैन। देश र जनताको पक्षमा केही नै गर्न नसक्ने हुतिहारलाई माननीय भन्ने पक्षमा छँदै छैन। किन भन्ने माननीय ? माननीय बन्नलाई त सम्मान हुने काम गर्न सक्नु पर्दछ, गरेको हुनु पर्दछ। पैसाका लागि जनता बेच्नेलाई कसरी माननीय भन्ने। त्यस्तालाई द्रव्यपिचास भन्दा भईगो नि। प्रजातन्त्र ल्याउना साथ शुरू भएको लुट गणऽतन्त्रको १४ वर्षमा बनबास होइन धनवासमा परिणत भईसकेछन्। देश, जनता लुट्ने, जनतालाई वेवकुफ बनाउने अनि जनता कै नाममा देश दोहन गरिरहेको कसरी टुलुटुलु कसरी सहेर बस्नु र ? ढिलो चाँडो 'पाप धुरीबाट कराउँछ' भन्ने कुरा त चिरञ्जवी वाग्ले, गोविन्दराज जोशीले प्रमाणित गरिसकेका छन् त।

छिटै आलोपालो आईहाल्छ नि। दश बर्ष जनयुद्ध लडेर धनयुद्धमा रमाएका कमरेडहरूलाई पनि राम्रैसँग डाम्नु पर्ने परिस्थिति देखिएको छ। साम्यवादको रटान रटाएर घाँटी नै रेट्नेहरूसँग पनि मैले ठूलो अपेक्षा गरेकै छैन। प्रजातन्त्र ल्याउनका लागि लडेकाहरूले त प्रजातन्त्रलाई धोविले लुगा चुटेजस्तो चुटेर बागमतीमा लगेर बगाई दिए भने अरूसँग आशा गर्नु पनि निरक्षक छ।

'सत्यको जित सुनिश्चित' भन्ने कुरालाई भित्रैबाट लिनु पर्दछ। अरूलाई दोष थोपर्ने आफू भने भुत्तो भाङ केही गर्नेसँग त कसरी कुरा मिल्छ र ? कम्तिमा म के हुँ र मैले के गर्नु पर्दछ भन्ने मात्र स्मरण गरिदिने हो भने पनि निकै नै परिवर्तन त हुन्थ्यो ? व्यवस्था परिवर्तन गरेर जनताको अवस्था परिवर्तन गर्छु भनेर डिङ हाँक्ने तर कमिशन, भ्रष्टाचार, नातावाद कृपावादमा रमाएर देशलाई नै खोक्रा बनाउने स्यालहरूलाई मैले कसरी माननीय भन्नु। जसले सुनको थाल थापेर पित्तल मागिरहेका छन्। बुद्धिबंगारो नपलाएकाहरूको हैसियत यही न हो।

ती माग्नेहरू ! अरूले भन्दिनु पर्ने माननीय स्यालहरू ऱ्याल चुहाउने, ब्रम्हनालमा पुग्ने बेलासम्मपनि पद छाड्न नचाहनेहरूलाई मानीनय स्याल भन्ने भन्दा पनि अरू सम्वोधन नै गर्ने त ? स्यालहरूलाई त बुढो स्याल, लाचार, भँडुवा, तोरी लाहुर भन्ने नामाकरण गरिदिए सवैको कल्याण हुन्थ कि ? सके देश लुटाहरूले सिध्याए।

# वेद जयन्ति, जनैपूर्णिमा, रक्षाबन्धन

## खबर विश्लेषण

लीला अधिकारी, चितवन



हिन्दुहरूले मनाउने विभिन्न धार्मिक तथा साँस्कृतिक चाडहरू मध्ये रक्षा बन्धन एउटा पवित्र चाड हो। यसै दिन महर्षि यज्ञ बल्लवयले आदित्य ब्रह्म (सूर्य) बाट वेद प्राप्त गरेका थिए। अत: यस दिनलाई वेद जयन्तीको रूपमा र यसै दिनलाई जनै पूर्णिमा पनि भनिन्छ।

नयाँ यज्ञोपवित तथा रक्षा बन्धन धारणा गरी यस पर्वलाई धुमधामका साथ मनाइन्छ। वैदिक सनातन वर्णाश्रमधर्म मान्ने तागाधारी जातीहरूले अघिल्लो दिन देखि नै चोखोनितो गरी एक छाक खाने, त्यस दिन विहानै नित्यस्नान प्रात: सन्ध्योपासना गरी सम्भव भए मध्यान्हमा नदी तलाउमा गई सम्भव नभए घरकै पवित्र जलले उपामार्ग, गाईको गोबर तथा चोखो स्थानको माटो कुशपानी आदि लगाई विधिपूर्वक श्रावणी निमित्तक मध्यान्ह स्थान, सन्ध्योपसना आदि सम्पन्न गर्दछन्। त्यसपछि जौ, तिल, कुश साथमा लिई अविछिन्न वंश परम्परा जोगाएका उपाध्याक वैदिक ब्राह्मणहरूमा गुरू थापी विधिपूर्वक आफ्ना शाखाका वेद वेदांगको पाठ गर्दछन् वा सुन्छन्। त्यस पछि आ-आफ्नो गोत्र, प्रवर र ऋषिगणहरूको तथा वर्तमान समयका अरून्धतिसहित सप्तषिमण्डलको विधिपूर्वक पूजा गरी ऋषित र्पणी, यज्ञोपवीताभिमन्त्रणा (जनै मन्त्रने काम) गर्दछन्। यसरी मन्त्रिएको जनै वर्षभरिको लागि आवश्यक पर्ने जति सबैले घरमा राख्दछन्। र मन्त्रेको पवित्र धागो जसलाई रक्षाबन्धन वा रक्षा सूत्र पनि भनिन्छ। त्यसैले गुरू वा भान्जा ज्वाईहरूबाट अरूले ग्रहण गर्दछन्।

हिन्दुधर्मका वैदिकगन्य अनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् वेदोत्वकर्म सम्पादन गर्ने र वेदाध्ययन गर्ने अधिकार प्राप्तका लागि धारणा गर्न मन्त्रिएको धागो भन्ने बुझिन्छ। शिखामा मध्ये एउटा जनैका शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को जनैका शिखामा रहेका तीन डोरालाई कर्म, उपासना र ज्ञानका प्रतिकहरूको योग मानिन्छ।

जनैमा प्रयुक्त हुने नै डोरा तीन ग्रन्थी वा शिखाहरूले ईश्वरीय ज्ञान र जीवनचक्र बारे वास्तविक रहस्य बुझ्ने कुरामा मागर्दशन गर्न सहयोग गर्छन्। यी कामहरू गर्दा व्यक्ति, देवगण, ऋषिगण र पितृगणबाट मुक्त हुने धार्मिक विश्वास छ। दानवी शक्तिबाट रक्षित हुनका लागि रक्षाबन्दन बाध्ने गरिन्छ। जनै पूर्णिमाको दिन बाँधिएको रक्षा बन्धन गाई तिहारको दिन गाईको पुच्छरमा बाँधिदिएमा मृत्युपछि वैतरणी सजिलै पार हुने जनविश्वास छ।

पौराणिक कथा अनुसार देवराज इन्द्र र दैत्यराज बतासुरका साथ १२ वर्षसम्म भयंकर युद्ध चलेको थियो। त्यस युद्धमा असुरहरूले देवतामाथि विजय प्राप्त गरेका थिए। पराजित देवगणहरू एक संस्कार विहिन भएर जीवनयापन गर्न लागे। यसरी गौरविहिन जीवनदेखि देवराज इन्द्र बाँच्नु भन्दा मर्नु नै श्रेयस्कर सम्झेर असुरसँग अन्तिम युद्ध गर्ने संकल्प लिन्छन्। अत: देवगण वृहस्पत्तिले अघिल्लो दिन इन्द्रको कल्याण विजय कामना होस् भनी श्रावणमासको पूर्णिमाका शुभ महत्वमा इन्द्रलाई रक्षाबन्धन बाँधेर बल प्रदान गरेका थिए। त्यसैले आज पनि ब्राह्मण वा आचार्य गुरूहरूले शिष्य यजमानहरूलाई *येन बद्धो बलि: राज दानवेन्द्रो महावल:। तेन त्वां प्रतिबध्नामि रक्ष मा चल मा चल।* अर्थात् जुन रक्षा सुत्रले अत्यन्त बलशाली राजा बली बाँधिएपछि सारा देवगण सुरक्षित भए। म त्यही रक्षा सुत्रले बाँधि तिमीहरूलाई सुरक्षित गर्दछु। तत्पश्चात् इन्द्राणीले इन्द्रको दाहिने हातमा रक्षा सूत्र बाँध्नु हुन्छ। त्यो कुन रक्षासूत्र थियो। जुन रक्षा सूत्र बाँध्नाले देवराज इन्द्र विजय बने। वास्तवमा त्यो पवित्रताको रक्षासूत्र थियो जसको भावर्थ यदि मानिसले आफ्नो असुरीकृतिहरूमा माथि विजय प्राप्त गर्न चाहन्छ भने आफ्ना धर्मपत्नीसँग पनि रक्षासूत्र अवश्य बाध्नु पर्दछ। मन, वचन र कर्मलाई पवित्र बनाउनु पर्दछ। एक अन्य शास्त्र तथा अनुसार जब यमदुतले आफ्नी बहिनी यमुनासँग राखी बाध्ने समयमा भनेको हुन्छ कि जसले यस पवित्रताको राखी बधाउँछ र ऊ यमदूतको सजाय वा भयबाट मुक्त हुन सक्दछ।

यसकारण यस पर्वलाई विश्वतोडक पर्व पनि भनिन्छ। रक्षा बन्धन मर्यादा र आत्मनिग्रहद्धारा मृत्युमाथि विजय प्राप्त गर्ने पर्व हो। रक्षा सूत्रको बन्धन र टीक यस उत्सवको प्रमुख विधान हो। सूत्र आत्माको मर्यादा र समयंको प्रतिक हो। र टीका आत्मस्वरूप स्थितिमा स्थित हुने प्रतिक हो। रक्षा बन्धनको सही अर्थ आफू आत्मस्थितिमा अचल, अडोल भएर पवित्रताको पालना गर्नु हो भने पवित्रता नै मृत्युमाथि विजय प्राप्त गर्न सकिन्छ।

यस दिन थरिथरिका गुडागुडी भिजाएर टुसा उम्रेपछि क्वाटी बनाई खाने चलन पनि छ। यसरी क्वाटी खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षाका कारणा चिसो भएको मौसममा शरीरमा ताप संचार हुने विश्वास गरिन्छ। विशेष गरी नेवार समुदायमा यस दिनलाई गुन्हु पुन्ही भनी मनाइने परम्परा छ। विभिन्न प्रकारका स्वरहरूबाट वर्षा र खेतीको कामबाट कृषकहरूलाई जानकारी दिने भ्यागुताहरूले गठेमंगलका दिन नरभंक्षी घण्टासुरलाई बाटो भुलाई धापमा पुऱ्याईदिएकोले त्यस दिन भ्यागुताको पनि पूजा गर्ने प्रचलन समाजमा रहेको छ।

तराई क्षेत्रमा यो पर्व अगलै प्रकारले मनाइन्छ। यस दिन दिदीबहिनीले आफ्ना दाजुभाइलाई पवित्र धागो रक्षा बन्धन (राखी) बाधेर टिका लगाई मिठाईहरू खुवाउछन् भने दाजुभाइले दिदीबहिनीलाई उपहार दक्षिणा दिने प्रचलन छ। यसैगरी दाजुभाइले दिदीबहिनीको रक्षा गर्ने वचन दिन्छन्। यसरी तराई क्षेत्रमा रक्षा बन्धनलाई दिदीबहिनी र दाजुभाइको सफल जीवनको कामना गरी आपसी मायाको चाडका रूपमा पनि लिइन्छ।



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ भदौ ४, Aug. 20, 2024






# परिणामुखी आन्दोलन कहिले ?

बंगलादेशको घटनापछि नेपालमा हिन्दुराष्ट्र र राजतन्त्रको पुनर्स्थापनाको मुद्दा छायाँमा परेको छ । पश्चिमाको प्रभाव बढ्दै गएको दक्षिण एसियामा त्यताका अधिकारीहरूको नेपालमा बाक्लै उपस्थिति हुनथालेको छ । यो सरकार भारोपश्चिममुखी भएकाले चीनलाई घेर्ने रणनीति कार्यान्वयन हुनथालेको अर्थमा विश्लेषण भएको छ । भारतले आफ्नो प्रभावलाई दुरूस्त राख्न चाहेको छ । नेपालमा नयाँ सरकार बनेको र बंगलादेशमा कूपछि आफ्ना विदेश सचिव मिश्रीलाई नेपाल पठाएर आफ्नो बर्चस्वमा कैद राख्न प्रयास गरेको देखिन्छ । यसैवीच मिश्रीको भ्रमणपछि अमेरिका भारतका लागि सहज मानिएकी परराष्ट्र मन्त्रीलाई भारत भ्रमणको चाँजो मिलाइएको छ । हुन त उपचारका लागि भनिए पनि यो औपचारिक भ्रमण हुनेछ र यही भ्रमणमा भारतका प्रम मोदीलाई नेपाल भ्रमणको निम्तो पनि दिइने छ ।

बंगलादेशमा भारत निकट सत्ता हटाएर अमेरिका निकट सत्ता गठन भएपछि भारतको मनमा समेत चिसो पसेको छ । यहीकारणले गर्दा हो कि राष्ट्र राष्ट्रसंघको बेठकको साइड लाइनमा सार्क परराष्ट्रमन्त्री स्तरीय बैठक बस्ने र भारत सकारात्मक हुन थालेको हुन थालेको छ । यही रफ्तारमा दक्षिण एसियामा पश्चिमा प्रभाव बढ्यो भने भारत र चीन दुबैलाई असर गर्ने विश्लेषण पनि हुनथालेको छ । सन २०१४ देखि सार्क हुनसकेको छैन । सन २०१४ देखि नै शक्तिशाली भारतीय प्रधानमन्त्री मोदी रहेका छन् । यसपल्टको निर्वाचनमा एकल बहुमत नआएपछि मोदी पहिलोपल्ट आत्तिएका छन् । भारत नटुक्रियोस्, बंगलादेशमा जस्तो कू नहोस् भनेर उनी सचेत देखिन्छन् । चुनाव र अन्य असन्तुष्टिको लप्काहरू केही राज्य र दिल्लीमा देखिनुले प्रम र गृहमन्त्री मोदी र अमित शाह बढी चिन्तित छन् । यहीकारण पनि हुनसक्छ, दक्षिण एसियाली राष्ट्रहरूलाई एकताबद्ध पार्न बिमिस्टेक र सार्क दुबैलाई सकृय पार्ने रणनीति मोदीको हुनसक्छ । जेहोस्, बंगलादेशले सार्क देशहरूलाई ब्यूँझाइदिएको छ ।

नेपालको सन्दर्भमा तत्काल बंगलादेशको आँधी नआउने भनिदैछ । कारण सरकार विदेशी प्रभावमा छ, असन्तुष्टहरू एकताबद्ध रहेका छैनन् । विद्रोह गर्ने युवाशक्ति विदेशीएका छन्, तिनले पठाएको रेमिटान्सले तिनकै सन्तानमाथि सरकारले दमन बढाएको छ । जो नेपालमा छन्, तिनीहरू रोगव्याधि समस्याले पीडित छन्, आन्दोलन गर्ने मूडमा देखिदैनन् । पश्चिमा प्रभावको कारण आन्दोलन हुने सम्भाबना छैन ।

हो, भारतले यो सरकारबारे असजिलो अनुभव गरेको छ । हुन त ससाना झुण्डहरूले आन्दोलनको आगो फुक्ने प्रयास गरेका छन् । त्यति साना र क्षणिक आन्दोलनले केही लछारपाटो लगाउने लक्ष्यण छैन । बंगलादेशकी शेख हसिना वाजेद पूरै भारत निर्भर थिइन् । बंगलादेशीहरू बढी देशभक्तिपूर्ण पनि थिए । तर नेपालमा कर्मकाण्डी बढी छन् । यहाँ ०४६ सालदेखि नै विदेशी सौजन्यप्राप्त शासकहरू छन्, परिवर्तन पनि विदेशीकै साथ र सहयोगमा भएको हो । यो सबै हेर्दा विदेशले नचाहँदासम्म केही पनि हुँदैन । यसकारण शासकहरू राजनीतिका नाममा, लोकतन्त्रका नाममा कुनियत राखेर भ्रष्टाचार र अनियमितताको महाभारत नै चलाइरहेका छन् । राष्ट्रघात, जनघात र जनमतको अपमान यिनको चरित्र बनिसकेको छ । इमान र देशभक्तिभन्दा यिनका लागि सत्ता र स्वार्थ प्यारो भइरहेको छ । पार्टी र पार्टी नेता घातमाथि घात गरिरहने, कार्यकर्ताहरू थपडी मारेर समर्थन गर्ने । हिजो दक्षिण एसियामा भारतले चाहनासाथ परिवर्तन हुनेगरेको थियो । आज भारत आफै कमजोर अवस्थामा पुगेको छ । यसकारण ससाना आन्दोलनले यिनलाई छुँदैन ।

भारतका लागि कम्फर्टेबल मानिएको प्रचण्ड सरकार ढल्नु भारतको कमजार प्रभाव हो । सरकार पश्चिममुखी भएकाले परिणाममुखी आन्दोलनको सम्भावना क्षीण रहेको छ । धेरैले अफगानिस्तान, श्रीलंका र बंगलादेशलाई हेरेर बिरोध ¯याली गर्दै आवाज उठाए पनि यस्ता आन्दोलनलाई विषयान्तर गर्न सरकार सक्षम देखिन्छ । यदि ओली देउवाको सरकारले पश्चिमाले चाहेजस्तो नीतिमा चलेनन् भने यहाँ बंगलादेशमा झैं 'अर्को युनुस'को खोजी हुनसक्छ । तत्काललाई त्यस्तो खतरा छ जसतो लाग्दैन । यो सरकारले पश्चिमाका लागि काम गर्ने निश्चित छ । परराष्ट्रमन्त्री डा.आरजु राणा त पश्चिमाले तैयार गरेको व्यक्ति मानिन्छिन् । अवस्था फेर्ने व्यवस्थाका लागि अर्को आन्दोलन हुन्छ, पद्धति फेरिनेछ भन्ने आशा तत्कालका लागि टाढा नै छ । यदि अनेक संघसंस्था र देशभक्तहरू आआफ्ना असमतिलाई टाढा राखेर आन्दोलनका लागि एक भए भने अर्कै कुरा हो । परिवर्तन सम्भव छ, असम्भव छैन ।

# तीज चाड कम बिकृति बढी भो



देवी काफ्ले

***धन भएकाहरूले दिनहुँ मिठो खानुस् । होटल पार्टी प्यालेसमा जानुस् । प्रत्येक नारीहरूको लागि मनको बेदनाको कुटुरो खोल्ने यो चाड सबैलाई आउन दिनुस् न । हजुर हामीसँगै एकदिन रमाउँ न । हुन्न र ?***

तीज भड्किलो भयो । महिला चाड भन्दा बढी बिकृति बढ्यो । तीजका गीतहरू छाडा हुनथाले । कसरी संस्कृति बचाउने ? चिन्ता बढेको छ ।

दर खान दिदी बहिनीहरू जुटे पनि दरलाई दरकै रूपमा खाऔं । सबैले खान सक्ने हैसियतले खाऔं । धेरै गहना कपडामा खर्च नगरौं । घर टोलमा मिलेर खाऔं । पारिवारिक वातावरणमा खाऔं । गाऔं । नाचौं ।

केही महिलाको आवाज छ बर्षदिनमा आउने तीजमा आफ्नो तरीकाले मनाउन नपाउने ? आफ्नो तरिकाले खुशी साट्न नपाउने ? चाड मान्न, होटल पार्टी प्यालेस जान नपाउने ? अडियो बजाएर नाचन नपाउने ? के अब हामीले खाना खान होटल जाँदा पनि प्रशासनको अनुमति लिनु पर्ने ? यही हो महिला अधिकार ?



पार्टी प्यालेस, होटल ब्याबसायीको ब्यापारमा केहि धक्का अवश्य लागेको छ । केही जिल्ला प्रशासनले गरेको निर्णयले । तर प्रशासनको निर्णय सहि भन्ने एउटा बर्ग छ भने अर्को बर्ग छ के तीज नेताको पेवा हो र ? अनि संस्कृति नै छ गहना लगाउने, नयाँ सारी चोली लगाउने हामीले किन नलगाउने ?

सामाजिक सन्जाल त तातेकै थियो हुंदाहुँदै केही गाउँ, नगरमा त संस्कृति माथि धावा बोलियो भनेर पत्रकार सम्मेलन कै आयोजना पनि भएका छन् । बिरोध अबरोध पनि भैरहेका छन् । हालैका दिनमा निस्केका तीजका गीत साह्रै नै उत्ताउला भएकाले आपत्ति प्रकट भइरहेका छन् । दोहोरी र तीजका गीतमाथि लोकगीत गाउनेहरूले नै रोक लगाउन माग गरेका छन् ।

देशका अन्य महानगर, नगरपालिकामा यस बिषयमा टड्कारो रूपमा बहस थालिएको छ ।

अब यो बिषयलाई सबैले सकारात्मक रूपमा लैजानु पर्छ भन्ने मान्यता मेरो पनि हो । तीज हामी नेपाली नारीको महान् धार्मिक आस्था बोकेको चाड हो । यसमा दुई मत छँदै छैन । केहि समय यता तीजमा केही बिकृति ब्यापक रूपमा फैलिएको सत्यतालाई कसैले नकार्न खोज्छ भने त्यो ढोंगी हो । त्यसले तीजको महत्व बुझेकै छैन । मैले बबिता बस्नेतलाई चिन्दिन तर पनि केही समयअघि उहांले लेखेको घटना र बिचार को लेख मैले पढें । थोरै कुरामा सहमत भय पनि धेरै कुरामा म सहमत हुन सकिन किनकी उहांले एउटा ठाडो प्रश्न तेर्स्याउनु भयको छ । जहाँ लेखिएको छ- जिल्ला प्रशासन कांस्कीले महिला संजाल प्रयोग गरेर दर खाने कार्यक्रमलाई रोक्न दवाव दियो । महिलाले जसरी पनि निराहार ब्रत बस्नै पर्छ । त्यस्तै गरगहना र कपडाको बिषय पनि जोड्नु भएको रहेछ । यस्ता कुरा आज पनि समाजमा उठेका छन् ।

हो सामाजिक महिला अभियन्ता अन्जु क्षेत्री र उनको टिमले यो बिषयमा धेरै नै अध्ययन गरेर अब यसरी तीज लम्बियो भने हाम्रो संस्कार केही बर्षमा नै कुसंस्कार बन्ने छ यसले समाजमा फेरी महिला महिला बिच नै भेदभाव र शत्रुको रूपमा परिस्कृत गर्ने छ भनेर नै ज्ञापनपत्र बुझाएको पनि देखियो । यस्ता बाद प्रतिवादका घटना यसपाली पनि समाजमा बढेका छन् ।

म सोध्न चाहान्छु- केही बर्ष अगाडी पार्टी प्यालेस चल्तीमा थिएन । के त्यो बेला महिलाले तीज मनाएकै थिएनन् ?

हाम्रो संस्कारमा तीजको दर खान माछा, मासु, वाइन, बियर र भोड्काजस्ता लागू पदार्थ प्रयोग हुन्थे ?

मसँग कसैले सोध्नु पर्दैन आफ्नै आत्मालाई सोध्नुहोला ।

यहाँ त असारदेखि होटल पार्टि प्यालेस बुक गरेर कहिले कुन पार्टी प्यालेस कहिले कुन पार्टी प्यालेस दर खान भन्दै लर्को लाग्न थाल्यो ।

अनि हामीले तीज मनाउन पार्टी प्यालेस जाँदा घरमा छोराछोरीलाई लिएर जान्छौं की छोडेर ? एक दिन भए त छोडेरै जाने हो, हाम्रो पनि स्वतन्त्रता छ । तर दुई महिना देखी जाँदा छोराछोरीले नै सोधे मम्मी तीज भनेको कति महिना मनाऊने ? दशैं त स्कूल ७ दिन मात्रै बिदा हुन्छ । तीजमा बिदा एक दिन तर दर चाहीं महिना दिन ? यो अवस्थामा हामीले जवाफ के दिने ?

म सानो जागिरे मेरो साथी हुनेखाने परीवारकी र लोग्नेले जग्गाको कारोवार गरेर टन्न कमाउने । उसले लगभग दिन बिराएर असारदेखि नै दर खाने कार्यक्रममा जाउं पैसा १०००- २००० त हो नी भन्दै प्रत्येक पल्ट साडी फेरेर जाँदा मलाई लाग्थ्यो यो चाड किन आयो ? न त मलाई गहना फेरेर लाउन पुग्छ न त महंगा पोशाक नै मेरो त दुई जनाको कमाईले तिनजना छोराछोरी पाल्न र महिना गुजार्न ठिक्क । एउटा अलि महँगो साडी किन्यो की बर्ष भरीको बजेट लथालिंग हुन्छ । अनि मेरो लागी भार भएन त तीज ?

अहिले फेरी कुरा आयो पहिले आँगन हुन्थ्यो अहिले आँगन छैन कहाँ नाँच्ने अरे ? जहाँ ईच्छा त्यहाँ उपाय आउनुस् मेरो घरमा नाचिदीनुस् स्वागत छ ।

मैले अहिले सम्म पनि बुझ्न नसकेको हो या म सामाजिक हुन नसकेको हो या त संस्कार नबुझेको हो थाहा छैन तर यही तीजलाई बिवादित गराइएछ दलको नाममा । अन्ततः महिलाको बिरोधि महिला हो भन्ने तथ्य प्रमाणित गर्दैछन् स्वयं महिलाहरू नै । नपढेकाले बुझेनन् पढेकाले बुझेर बुझ पचाएका छन् ।

ए बुजुर्ग महाशयाहरू तीजलाई परम्परा संस्कृतिअनुसार मनाउँ न ।

तपाईंहरूसँग धन छ दिनहुँ मिठो खानुस् । होटल पार्टी प्यालेसमा जानुस्, हामीलाई आपत्ती छैन तर मनको बेदनाको कुटुरो खोल्ने यो चाड हामीलाई पनि आउन दिनुस् न ।

फेरी पनि महिला अधिकार कर्मीहरू, महिला नेतृहरूले नै यो कुरा बुझ्न नचाहेको जस्तो लाग्यो । उहाँहरू बुझ्न नसक्ने, अनपढ महिलाले कसरी बुझ्ने ? दर खाऔं, समाज नबिथोलौं ।

हामी कहाँ महिला पछी परियो भनेर नारा आजकल पार्टीप्यालेसमा पो लाग्दोरहेछ । महिला अधिकार त्यतै पाइन्छ ? किन आर्थिक, राजनैतिक, सामाजिक समानता खोज्नु अनि असमान चरित्र देखाउनु ?







## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरू नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्वेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्ड बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड